एमाले अध्यक्ष ओलीको नेतृत्वमा नयाँ सरकार गठन हुँदै पृष्ठ ५ मा


जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com




वर्ष २६ •अंक ५६ • २०८१ साल असार ३० गते आइतबार (14 July, Sunday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## ओली आज प्रधानमन्त्रीमा नियुक्त हुने

# ठूला दललाई १० सांसद बराबर एक मन्त्री, साना दललाई चारमा एक

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रले आइतबार नयाँ सरकार पाउने भएको छ । नेपाली कांग्रेस र नेकपा एमालेले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष नयाँ सरकार बनाउन दाबी गरेअनुसार आइतबार एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बन्ने भएका छन् । शुक्रबार राष्ट्रपति पौडेलले आइतबार साँझ पाँच बजेसम्मको समय सीमा तोकेर संविधानको धारा ७६ (२) अनुसार प्रधानमन्त्रीमा दाबी गर्न आह्वान गरेका थिए ।

त्यसपछि शुक्रबार राति नै कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष ओली राष्ट्रपति भवन शीतलनिवास पुगेर सरकार बनाउने दाबी पेस गरेका थिए । राष्ट्रपति पौडेलले आफूले दिएको समय सीमापछि मात्र ओलीलाई प्रधानमन्त्री नियुक्त गर्ने भएका छन् । राष्ट्रपतिका प्रेस सल्लाहाकार किरण पोखरेलका अनुसार राष्ट्रपतिले सरकार गठन गर्न आह्वान गरेको समयसीमा सकिएपछि प्रधानमन्त्रीमा नियुक्त गरिने र शपथको प्रक्रिया अघि बढाइने छ ।



आइतबार प्रधानमन्त्रीमा नियुक्त भएपछि शपथ ग्रहणको कार्यक्रम सोमबार हुने भएको छ ।

प्रधानमन्त्रीको शपथ लिएपछि ओलीले सोमबार नै मन्त्रिपरिषद् विस्तार गर्ने छन् ।

प्रधानमन्त्री बन्न लागेका एमाले अध्यक्ष ओलीले पनि पार्टी भित्र मन्त्री बनाउने विषयमा गहन छलफल गरिरहेका छन् । ओलीले प्रधानमन्त्रीको शपथ लिए लगत्तै एमालेबाट विष्णुप्रसाद पौडेल र कांग्रेसबाट प्रकाशमान सिंहले उपप्रधानमन्त्रीको शपथ लिने स्रोतले जनाएको छ ।

सोमबार नै अन्य मन्त्रीहरुलाई पनि शपथ गराउने तयारी भइरहेको जनाइएको छ । स्रोतले भने, 'सम्भवतः १५ जनाको मन्त्रिपरिषद् सोमबार नै गठन हुन्छ, त्यसैको तयारी भइरहेको छ ।'

शनिबार बसेको नेपाली कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठकबाट मन्त्री चयनका लागि मापदण्ड बनाइएको छ । योगदान र योग्यतालाई मुख्य आधार बनाइ समावेशी र प्रादेशिक सन्तुलन मिलाउने कांग्रेसले निर्णय गर्ने जनाइएको छ ।

ओली निकट एक नेताका अनुसार सरकारमा सहभागी भएका दुई ठूला दलहरुको सांसद संख्याका आधारमा मन्त्री भागवण्डा गर्ने तयारी रहेको दाबी गरेका छन् ।

९/१० जना सांसद बराबर एक मन्त्री बनाउने गरी छलफल भएको उनले बताउँदै यसो हुँदा कांग्रेस गृहसहित ९ र एमालेले अर्थसहित ८ मन्त्रालय पाउने गरी छलफल सकारात्मकरुपमा अघि बढिरहेको छ ।

अन्य साना दलका हकमा भने चार सांसद बराबर एक मन्त्री दिने गरी ओलीले प्रस्ताव गरेको नेताको भनाइ छ ।

### मन्त्री छान्ने जिम्मा अध्यक्ष ठाकुरलाई

नेपाल कम्युनिस्ट पार्टी एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा गठन हुने सरकारमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल सहभागी हुने निर्णय गरेको छ ।

लोसपा केन्द्रीय कार्यालय बबरमहलमा बसेको संसदीय दलको बैठकबाट सरकारमा सहभागी हुने मन्त्रीको नाम टुंगो लगाउने जिम्मा अध्यक्ष महन्थ ठाकुरलाई दिएको पार्टीका सचेतक रामप्रकाश चौधरीले जनाएका छन् ।

सो बैठकबाट बाढीपहिरो र डुबानबाट प्रभावित जनतालाई तत्काल प्रभावकारी राहत उपलब्ध गराउन सरकार र राजनीतिक दललाई समेत आग्रह गरेको छ । बैठकबाट पहिरोका कारण त्रिशूली नदीमा खसेर बेपत्ता भएको दुईवटा बसको खोजी कार्यलाई चुस्त दुरुस्त बनाउनका लागि सरकारको ध्यानाकर्षणसमेत गराएको उनले बताए ।











# पूर्वपश्चिम राजमार्गका खाल्डाखुल्डी पुर्दै ट्राफिक प्रहरी



सिरहा । लगातारको वर्षापछि पूर्वपश्चिम महेन्द्र राजमार्गअन्तर्गत सिरहाखण्डमा परेका खाल्डाखुल्डी पुर्न थालिएको छ ।

ट्राफिक प्रहरी कार्यालयले सडक डिभिजन कार्यालय र चाइना रेल्वे कम्पनीसँगको समन्वयमा खाल्डाखुल्डी पुर्न थालेको हो ।

ट्राफिक प्रहरी कार्यालय प्रमुख डम्बरबहादुर पुरी सम्भावित दुर्घटना रोक्न सडक न्यूनीकरणका लागि शुक्रबारदेखि चोहर्वा–सिरहा खण्डबाट खाल्डाखुल्डी पुर्न सुरु गरिएको जानकारी दिनुभयो । उहाँले आज पनि उक्त कार्यलाई निरन्तरता दिएको बताउनुभयो ।

सडकमा परेका खाल्डाखुल्डीले सवारी आवागमनमा समस्या भएकाले खाल्डाखुल्डी पुर्ने र सडकमा छरिएका गिट्टी, बालुवासमेत हटाउने काम गरेको उहाँको भनाइ छ। "लगातारको वर्षापछि सडकमा ठूला खाल्डाखुल्डी परेका छन्, यसले सवारी आवागमनमा समस्या भएको छ", ट्राफिक प्रमुख पुरीले भन्नुभयो, "सडक डिभिजन र निर्माण कम्मनी चाइना रेल वे कम्पनीसँग समन्वय गरी ग्राभेल हाल्ने र जोखियुक्त ठाउँमा भएका बालुवा तथा गिट्टी हटाउने काम भइरहेको छ ।" चाइना रेल्वे कम्पनीले पूर्वपश्चिम राजमार्ग स्तरोन्नति र विस्तारको काम गरिरहेको छ ।रासस

# 'ज्यान बच्यो, अन्नपात जोगिएन'



कञ्चनपुर । जिल्लामा गत साताको अविरल वर्षापछि आएको बाढीका कारण डुबानमा परी विस्थापित भएका परिवार घर फर्किएका छन् ।

अधिकांश घरका अन्न र लुगाकपडा सबै भिजेको छ, कतिपयको अन्नपात बाढीले बगाएको छ। अहिले यहाँका बाढी प्रभावितलाई खानलाउन समस्या भएको छ। महाकालीपारि दोधारा चाँदनी नगरपालिकाका चार वडामा जोगबुडा नदीको बाढी पसेको थियो । दोधारा चाँदनी-८, ९, १० र ३ का बासिन्दा सबैभन्दा बढी समस्यामा परेका छन् ।

घरभित्रका कपडा कति बगेर गए कति माटोमा च्यापिएको पीडितहरु बताउँछन् । स्थानीय मङ्गले सार्कीले बाढीले घरभित्र भएको अन्न लत्ताकपडा बाढीले बगाएपछि साँझ बिहानको छाक टार्ने मुस्किल परेको बताउनुभयो । "भाँडाकुँडा अन्नपात र लत्ताकपडा सबै बगाइदियो साँझबिहान के खाने तीन दिन भयो केही खाएका छैनौँ", उहाँले भन्नुभयो, "खेत पनि लेदोले पुरेको छ। यस्तो अवस्थामा पनि राज्यबाट कुनै सहयोग पाएका छैनौँ।"

दोधारा चाँदनीका चम्पा सार्कीको घर बाढीले भत्काएको छ । बाढीले घर भत्काएपछि खुला आकाशमा पालको साहारा बस्नुपरेको उहाँले बताउनुभयो । "बाढीले केही राखेन अन्नपात, लत्ताकपडा सबै बगाइदियो", उहाँले भन्नुभयो, "दराज र सोफा लेदोले पुरिएको थियो ।घरभित्र रहेको सुन र केही नगद बाढीले लगेको छ।"

टापुको बस्ती कुतियाकभरमा पनि बाढीले ठूलो नोक्सानी गरेको छ । बाढीले केही घर पूर्ण रुपमा क्षति भएका छन् । सामान्य क्षति भएका घरका सबै फर्किसकेका छन् । घर भत्केका परिवारका सदस्य कोही आफन्तकामा छन् भने कोही नेपाली सेनाले निर्माण गरेको सेफ हाउसमा छन् ।

रातिको समयमा अचानक बाढी बस्तीमा पसेपछि ज्यान जोगाउनै मुस्किल भएको लक्ष्मी सुनारले बताउनुभयो । "राति १ बजेतिर प्रहरी आएर हामीलाई उद्धार गरेका हुन्", उहाँले भन्नुभयो, "ज्यान त जोगायो अन्न र पशुचौपाया जोगाउन सकिएन ।" उहाँले बाढीले अन्न र लुगाकपडा सबै बगाएपछि खानलाउन समस्या भएको बताउनुभयो।

बाढी र डुबानले दोधारा चाँदनीनगरपालिका,भीमदत्तनगरपालिका, बेलडाँडी गाउँपालिका र बेलौरी नगरपालिकामा ठूलो संख्यामा नागरिक विस्थापित भएका थिए । उक्त क्षेत्रमा पूरै लेदोले भरिएर खेतबारी ढाकिएका छन् । जिल्लाको दक्षिणी क्षेत्र बेलौरी नगरपालिकाको कलकत्ता र भुँडामा पनि डुबानका कारण ठूलो क्षति भएको छ । जिल्लाभरिमा अहिले क्षतिको विवरण सङ्कलन भइरहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।रासस

# भू-क्षय रोक्न गण्डकीमा १६६ योजना निर्माण



म्याग्दी । म्याग्दीसहित गण्डकी प्रदेशका पाँच जिल्ला कार्यक्षेत्र भएको भू-तथा जलाधार व्यवस्थापन कार्यालय पर्वतमार्फत आर्थिक वर्ष २०८०/८१ मा एक सय ६६ योजना निर्माण गरिएका छन् ।

म्याग्दीमा १९, बागलुङमा ४७, मुस्ताङमा नौ, पर्वतमा ४५ र स्याङ्जामा ५३ वटा नदी, बाढी र पहिरो नियन्त्रणसम्बन्धी योजना निर्माण भएको कार्यालय प्रमुख दिवाकर पौडेलले जानकारी दिनुभयो ।

"पुँजीगत शीर्षकमा एक सय ७३ वटा योजनाका लागि रु आठ करोड ९१ लाख ५० हजार बजेट विनियोजन भएकामा सातवटाबाहेक सबै कार्यान्वयन भए", उहाँले भन्नुभयो । ती आयोजनाबाट तीन हजार परिवार लाभान्वित भएका छन् ।

उपभोक्ता समितिमार्फत योजना कार्यान्वयन गर्न रु आठ करोड २७ लाख सात हजार खर्च भएको कार्यालय प्रमुख पौडेलले बताउनुभयो ।

पहिरो, कटान र बाढीको जोखिम भएको ठाउँमा ग्याबियन पर्खाल, तटबन्ध निर्माण गर्ने, भलबाढी तर्काउने नाली निर्माण, खोल्सी संरक्षण, पोखरी निर्माण र मर्मतसम्बन्धी काम भएको छ । समग्रमा ९५ प्रतिशत भौतिक र ८८ दशमलव ९४ प्रतिशत वित्तीय प्रगति भएको उहाँले जानकारी दिनुभयो । चौध वटा पानीका मुहान संरक्षण र १३ वटा पोखरी निर्माण तथा मर्मतसम्भार गरिएका छन् । कार्यालयअन्तर्गतका नर्सरीमा ६५ हजार घाँसका बिरुवा उत्पादन गरी कृषकलाई वितरण गरिएको छ ।


म्याग्दीको मालिका गाउँपालिकामा दरबाङ, फूलबारी, खोप्टी, चिउरीबोट, मङ्गलाको पीपलबोट, ताराखेत, थापाचौर, सिद्धथान, रघुगङ्गाको दर्मीजा तातोपानी कुण्ड, सिजलगाउँ बाहुनबारी, धौलागिरि गाउँपालिकाको पन्थोक भूमेथान, बेनी नगरपालिकाको चिप्लेटी बस्ती र ढोल्थान दरवार संरक्षण योजना निर्माण भएको कार्यालयका सवइञ्जिनियर देवान विकले बताउनुभयो ।

यसैगरी बेनी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको मुहान संरक्षण, रघुगङ्गा-२ बुझबुझेमा पोखरी निर्माण र बेनपा-२ खबरामा सिम्ले पोखरी मर्मत भएको छ ।

आगामी आवका लागि म्याग्दीका १६ वटा योजनाका लागि रु ७९ हजार बजेट विनियोजन भएको कार्यालय प्रमुख पौडेलले जानकारी दिनुभयो ।

आव कूल रु १२ करोड ९० लाख बजेट प्राप्त गरेको कार्यालयमार्फत कार्यान्वयन हुने पर्वतमा ५१, बागलुङमा ४६, स्याङ्जामा ३८ र मुस्ताङमा आठ योजना छनोट भएका छन् ।रासस

# एक वर्षमा सर्पको टोकाइबाट १० जनाको मृत्यु



घोराही । यही असार १२ गते दिउँसो घर नजिकै बारीमा घाँस काट्दै गरेका तुलसीपुर उपमहानगरपालिका- १९ बाँसगढीका ५५ वर्षीय पारु चौधरीलाई सर्पले डस्यो । बायाँ हातमा सर्पले डसेका चौधरीलाई परिवारका सदस्य अस्पताल पुर्याउनुको साटो झारफुकतिर लागे । बिरामीको अवस्था नाजुक बन्न थाल्यो त्यसपछि मात्रै चौधरीलाई अस्पताल लैजाने तरखर भयो । जतिबेला समय निकै टरिसकेको थियो । बेलुका ८ बजे घोराहीस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान पुर्याएलगत्तै चिकित्सकले मृत घोषणा गरे ।

तुलसीपुर-२ भमकेका ११ वर्षीय बालक घनश्याम पाठकलाई घरको कोठामा सुतिरहेको अवस्थामा असार ६ गते राति सर्पले टोक्यो । सर्पले टोक्नेबित्तिकै घनश्यामले हजुरआमालाई जानकारी गराए । घरभित्र कसरी सर्प आयो होला भनेर हजुरआमालाई विश्वास लागेन । त्यसपछि बत्ती बालेर ओढिराखेको कम्बल फाल्दा सर्प बालकको कम्मरमा बेरिएको थियो । तत्काल उनलाई मोटरसाइकलमा चढाएर राप्ती प्रादेशिक अस्पताल तुलसीपुर पुर्याइयो ।

प्रादेशिक अस्पतालमा खटिएका स्वास्थ्यकर्मीले उनलाई सर्पले टोकेको ठाउँ पत्ता लगाउन सकेनन् र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा रिफर गरियो । आठ वर्ष अघि सर्पकै टोकाइबाट आमा गुमाएका घनश्यामलाई उपचारका क्रममा यही असार ७ गते साँझ ८ बजे डाक्टरले उनलाई बचाउन नसकिने खबर सुनाए ।

यी प्रतिनिधि मूलक घटना मात्रै हुन् । जिल्ला प्रहरी कार्यालयका अनुसार दाङमा आर्थिक वर्ष २०७८/७९ मा नौ र २०७९/८० मा छ जनाको मृत्यु भएको छ । दाङमा चालु आर्थिक वर्षको हालसम्म १० जनाको मृत्यु भइसकेको छ भने एक सय ७८ जना सर्पदंशमा परेको जिल्ला प्रहरी कार्यालयको तथ्याङ्ले देखाउँछ । जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र दाङका खरिदार शम्भु आचायले सर्पदंशमा परेका बिरामीले घरपरिवार र समाजमा विद्यमान अन्धविश्वासमा परेर झारफुक वा चुसेर विष निकाल्ने जस्ता काममा समय व्यतित हुँदा ज्यान गुमाउने गरेको बताउनुभयो ।

समयमै अस्पताल पुगिसकेका बिरामीले पनि ज्यान गुमाउनुमा स्वास्थ्यकर्मीकै लापरवाही भएका बिरामीका आफन्त गुनासो गर्छन् । सर्प नचिन्दा र अस्पताल ढिलो आउने गरेका कारण कतिपय व्यक्तिहरुको सर्पदंशबाट ज्यान जाने गरेको चिकित्सकहरु बताउँछन् । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका सर्पदंशका राष्ट्रिय प्रशिक्षक उमाकान्त तिवारी सर्पले टोकी हाल्यो भने तत्काल अस्पताल पुग्न आग्रह गर्नुहुन्छ ।

पछिल्लो समय एक अस्पतालबाट अर्को अस्पतालमा रिफर गर्ने भएको हुँदा पनि कतिपयले अकालमै ज्यान गुमाउने गरेको उहाँले बताउनुभयो । सर्पले टोकिसकेपछि तत्कालै सर्पको पहिचान गरी अस्पताल पुग्दा अकाल मृत्युको मुखबाट बच्न सकिने उहाँ बताउनुहुन्छ ।

अस्पताल जानुको साटो झारफुकमा विश्वास गर्दा पछिल्लो तीन वर्षमा २५ जनाको मृत्यु भएको छ । सर्पदंशका बिरामी अस्पताल पुगेपछि कुनै पनि बिरामीले ज्यान गुमाउनु पर्दैन भन्ने सरकारी नीति भए पनि जिल्लामा कतिपयले झारफुकमा लाग्दा ज्यान गुमाएका छन् भने कतिपयले सर्पको पहिचान गरी अस्पताल पुग्दा पनि मृत्युवरण गर्नुपरेको छ ।रासस

# मानव बेचविखनमा दोषी पाँच जनालाई जेल सजाय



मलेखु । १६ वर्षीया किशोरीलाई भारतमा लगेर बेचविखनको प्रयास गर्ने समूहलाई मानव बेचविखन तथा ओसारपासार र सङ्गठित अपराधको कसुरमा जेल सजाय तोकिएको छ । दुई छुट्टाछुट्टै मुद्दामा आठ जनामध्ये तीन जनालाई सफाइ दिएको र पाँच जनालाई कसुर कायम गर्दै कैद, जरिवाना र पीडितलाई क्षतिपूर्ति दिने धादिङ जिल्ला अदालतका जिल्ला न्यायाधीश गोपालप्रसाद बाँस्तोलाको इजलासले शुक्रबार फैसला गरेको हो ।

फैसलाअनुसार धादिङको त्रिपुरासुन्दरी गाउँपालिका-३ की २९ वर्षीया गीता न्यौपाने, काठमाडौंको कागेश्वरी मनहरा नगरपालिका-६ का ३२ वर्षीया कविता बानियाँ (आचार्य) र सोलुखुम्बू जिल्ला नेचा सल्यान गाउँ पालिका-२ की ३३ वर्षीया कमला परियारलाई एउटा मुद्दामा १८ वर्ष नौ महिना र थप अर्को मुद्दामा १० वर्ष कैद र एक लाख ७५ हजार जरिवाना, पीडितलाई ५० हजार क्षतिपूर्ति दिन फैसलामा उल्लेख भएको जिल्ला अदालतका श्रेस्तेदार माधव भण्डारीले जानकारी दिनुभयो ।

अदालतले त्रिपुरासुन्दरी -१ का ३९ वर्षीय कोपिल दमै र त्रिपुरासुन्दरी -३ की ३९ वर्षीया कल्पना आलेमगरलाई जनही १५/१५ वर्ष कैद र एक/एक लाख जरिवाना गर्ने फैसला गरेको छ । मानव बेचविखन अनुसन्धान ब्युरोको पहलमा १६ वर्षीय नेपाली किशोरीको विसं २०७९ पुस २० गते भारतको दिल्लीस्थित मङ्गलबजार गल्ली नं. २, बापरुल्लाबाट उद्धार गरी एयर इण्डियाको जहाजद्वारा स्वदेश ल्याइएको थियो । मामाघरमा बसेर अध्ययन गर्दै आएकी किशोरी विसं २०७९ मङ्सिर १५ गतेदेखि घर परिवार आफन्तको सम्पर्कमा नआएपछि उनको खोजतलास लागि प्रहरीलाई लिखित निवेदन दिइएको थियो ।

बालिकालाई तान्त्रिक बाबासँग भेटाइ तान्त्रिक बाबा खुसी भएमा अथाहा पैसा पाउने भनि बालिकालाई प्रलोभन देखाएर भारत पुर्याएको अनुसन्धानबाट खुलेको छ । मामाघरमा बस्दै आएकी बालिकालाई भारत पुर्याउन उनकै नजिकको साथी र महिला संलग्न रहेको खुलेको छ। अभियुक्तहरुले ६० केजी तौल भएको, कम्तीमा उचाइ पाँच फिट चार इन्चभन्दा माथि भएको, शरीरमा कुनै प्रकारको दाग वा टाटु, कुनै अङ्गमा चोटपटक नभएको र रजस्वला नभएको बालिकाको खोजी हुने क्रममा उक्त बालिकालाई भेटाएको जनाइएको छ।

किशोरीलाई २०७९ माघ २२ गते मुख्य तान्त्रिकलाई बुझाउने तयारी भइरहेको अवस्थामा बालिकाको उद्धार गरी स्वदेश ल्याइएको थियो । किशोरीलाई दिल्ली पुर्याएपछि घटनामा संलग्न पाँच जना एक महिना अघि नै नेपाल फर्केका थिए भने एक जना महिलाले किशोरीलाई साथमा राखेर पूजामा बस्न फरक-फरक तीन जना तान्त्रिक बाबासमक्ष भेटाउँदै आउनुभएको बताइएको छ ।रासस

# कारागार भवन जीर्ण, पानी चुहिँदा कैदीबन्दीलाई समस्या

पर्वत । झण्डै चार दशक अघि बनेको पर्वत कारागार भवन मर्मतसम्भारको अभावमा जीर्ण बन्दै गएको छ । टिनको छाना भएको भवनमा पानी चुहिन थालेपछि कैदीबन्दीलाई समस्या भएको छ । लामो समयसम्म टिनको छाना परिवर्तन गर्न नसक्दा खिया लागेर पानी चुहिन थालेको हो । हिउँदमा धेरै समस्या नभए पनि निरन्तरजसो पानी पर्ने वर्षायाममा कैदीबन्दीलाई रात काट्न समस्या परेको छ । छानाबाट पानी चुहिएर ओछ्यान भिज्ने र खाना पकाउन समस्या भएको कैदीबन्दीले गुनासो गरेका छन् । पानी चुहिएर कैदीबन्दी समस्यामा परेको गुनासो आएपछि कारागार कार्यालयले चार त्रिपालले छानो ढाकेको छ । मर्मत गर्न बजेट नभएका कारण त्रिपालले ढाकेको कारागार कार्यालयका सूचना अधिकारी निर्मल पौडेलले जानकारी दिनुभयो । कारागार भवन पुनःनिर्माण गर्नुपर्ने उहाँले बताउनुभयो ।

कारागारमा पुरुष ब्लकतर्फ बढी समस्या रहेको छ । पुरुष बस्ने भवन मर्मतसम्भार हुन सकेको छैन । क्षमताभन्दा चार गुणा बढी रहेको साँघुरो भवनमा वर्षायाममा पानी चुहिने समस्याले दैनिक जीवनयापनमा समस्या भएको सूचना अधिकारी पौडेलले बताउनुभयो ।

कारागार भवन पुनःनिर्माण गर्न माग गर्दै आएपनि गृह मन्त्रालय, कारागार व्यवस्थापन विभागलगायतले चासो नदिएको कार्यालयले जनाएको छ । अहिले पर्वत जिल्ला कारागारमा क्षमताभन्दा झण्डै चार गुणा बढी कैदीबन्दी रहेका छन् । पच्चीस कैदीबन्दीको क्षमता रहेको कारागारमा अहिले ९३ जना रहेका छन् । कैदीबन्दीमा तीन महिला र एक नाबालक छन् । रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने । |
| बृष | : अवसर प्राप्त । |
| मिथून | : वाद विवादबाट बच्नु । |
| कर्कट | : पुरस्कार प्राप्त लाभ । |
| सिंह | : नयाँ कार्य हुने । |
| कन्या | : बौद्धिक क्षमता । |
| तुला | : प्रतिभा सम्पन्नता । |
| बृश्चिक | : शिक्षामा उन्नति । |
| धनु | : पारिवाहिक सुख । |
| मकर | : धन वृद्धि सञ्चय । |
| कुम्भ | : प्रेम प्रसंग, मित्र सुख । |
| मीन | : सुख समृद्धि हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सुनसरीको इनरुवा-४ मा शनिबार रोपाइँ गर्दै रोपाहार। मानो रोपेर मुरी उब्जाउने यो बेला किसानलाई रोपाइँको चटारो छ। सुनसरीमा ५० प्रतिशत रोपाइँ सकिएको कृषि ज्ञान केन्द्र सुनसरीले जनाएको छ।
*तस्विरः रासस*

# धनुषामा धानखेती गर्ने जमिन घट्दै

जनकपुरधाम । धनुषा जिल्लामा शनिबारसम्म ४५ प्रतिशतभन्दा बढी धान रोपाइँ भएको छ । यसवर्ष समयमै मनसुन भित्रिएकाले अहिले धान रोपाइँ धमाधम जारी छ । विगतमा ४८ हजार सात सय ६० हेक्टर जमिनमा धानखेती हुँदै आएका जिल्लामा हाल ४२ हजार हेक्टरमा मात्र धानखेती हुने गरेको कृषिज्ञान केन्द्र धनुषाले जनाएको छ । वागतवानी अधिकृत प्रदीप यादवले हालसम्ममा ४५ प्रतिशत धान रोपाइँ सम्पन्न भएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो,“ पानीका अभावमा किसानले ढिलो गरी ब्याड राखेकोले रोपाइँ गर्न पनि केही ढिलो भएको हो। ”

अधिकृत यादवका अनुसार जिल्लामा नहरलगायत विभिन्न माध्यमबाट ३५ हजार हेक्टर जमिनमा मात्र सिँचाइ सुविधा पुगेको छ। यसैगरी अझै जिल्लाका ६५ प्रतिशत खेतमा आकाशे पानीको भरमा धानखेती हुँदै आएको बताइएको छ।

विगतका तुलनामा धानखेती अहिले महँगो भएको छ । ट्र्याक्टरबाट खेत जोत्नका लागि प्रति घण्टा रु दुई हजार पाँच सय लिने गरेको छ भने पानीको अभाव पूरा गर्नका लागि ट्याङ्करबाट खेतमा पानी हाल्न प्रतिघण्टाको रु पाँच सय तथा प्रतिकामदार रु चार सय र १० किलो धान दिनुपर्ने गरेको छ । यसमा रासायनिक मलको थप मूल्य तिर्नुपर्ने हुन्छ। धानखेती महँगो भए पनि लागतअनुसार धान उत्पादनको बजार मूल्य नपाएको किसानको गुनासो छ।

गत आव २०८०/८१ मा जिल्लामा ४२ हजार हेक्टर जमिनमा गरिएको धानखेतीमा एक लाख १७ हजार छ सय मेट्रिकटन धान उत्पादन भएको सो केन्द्रद्वारा जारी तथ्याङ्कमा उल्लेख छ । अघिल्लो वर्षका तुलनामा २८ हजार छ सय ८० मेटिकट्रन कम धान उत्पादन भएको बताइएको छ।

जिल्लामा करिब सात लाख जनसंख्या रहेको मा ७० प्रतिशत किसान धानखेतीमा संलग्न रहेका छन् । कृषि जनगणना २०७८ अनुसार जिल्लामा विस्तारै धानखेती घट्दै गएकाले उत्पादनमा कमी आएको जनाइएको छ । अहिले ४२ हजार हेक्टर जमिनमा धान खेती भइरहको सो गणनामा उल्लेख गरिएको छ ।मधेस प्रदेश सरकारले कृषिमा आकर्षक नारा लगाए पनि किसानको समस्या समाधान हुन सकेको छैन ।

# सही सूचना नपाउँदा प्रवेश परीक्षाबाट बञ्चित भए विद्यार्थी

काठमाण्डु । माइतीघर स्थित सेन्ट जेभियर्स कलेजले दुई वटा सूचना प्रकाशित गरेपछि कक्षा ११ को प्रवेश परीक्षाबाट केही विद्यार्थी बञ्चित भएका छन् ।

कलेजको सुरुमा प्रकाशित गरेको सूचनाका आधारमा विद्यार्थीहरु शनिबार बिहान ७:१५ बजे कलेज परिसर पुगेका थिए ।

तर कलेजले उक्त परीक्षा शुक्रबार नै सम्पन्न भइसकेको जानकारी गराएको थियो ।

कञ्चनपुरबाट प्रवेश परीक्षा दिन आएका आर्थिक रानाका पिता कृपाराम रानाले भन्नुभयो, “प्रवेश परीक्षा लिन भनेर हामीसँग रु एक सय ५० का दरले रकम उठाइएको थियो तर अहिले आएर परीक्षा दिनबाट बञ्चित गराइयो ।

” विद्यार्थी प्रियङ्का ओझाका पिता विपिन ओझाले पनि उक्त कलेजको लापरबाहीका कारण आफूहरुले दुःख पाएको गुनासो



गर्नुभयो । कलेजले कक्षा ११ मा भर्नाका लागि विभिन्न १० स्थानका लागि आवेदन मागेकामा करिब साढे दुई लाख विद्यार्थीले फाराम भरेका थिए । कलेजले सुरुको सूचनामा पाँच स्थानमा शुक्रबार र पाँच स्थानमा शनिबार परीक्षा सञ्चालन हुने उल्लेख गरेको थियो । तर पछि तालिका परिवर्तन गरेकाले शनिबारका लागि तयारी गरेका विद्यार्थी परीक्षा दिनबाट बञ्चित भएका हुन् ।

दार्चुलाका विद्यार्थी रश्मी साउदले काठमाडौँ आएर पनि परीक्षा दिन नपाउँदा दुःख लागेको बताउनुभयो । कलेजका प्रिन्सिपल फादर डा अगुस्टिन थोमस एसजेसँग प्रतिक्रिया लिन खोज्दा सम्पर्क हुन सकेन ।

नेपाल अभिभावक महासङ्घका अध्यक्ष सुप्रभात भण्डारीले कलेजको फरक-फरक सूचनाका कारण विद्यार्थीहरु प्रवेश परीक्षाबाट वञ्चित भएका हुन् भने दुःखद् भएको र यसबारे कलेज जवाफदेहिता हुनुपर्ने तर्क गर्नुभयो ।रासस

## नारायणीमा दुईवटा शव फेला

नवलपुर । नारायणी नदी किनारमा शनिबार दिउँसो दुईवटा शव फेला परेका छन् । नवलपरासी (बर्दघाट-सुस्तापूर्व) को गैँडाकोट-७ गैरीस्थित नारायणी नदीमा दुईजना पुरुषको शव फेला परेको हो ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक बेदबहादुर पौडेलकानुसार नवलपुरतर्फ नारायणी नदीको बीच भागको टापुमा दिउँसो ३ः३० बजेको समयमा शव फेला परेका हुन् । नदीले बगाएर ल्याएका अन्दाजी २५-३० वर्षका पुरुषको शव फेला परेको स्थानीयले जानकारी दिएपछि प्रहरी घटनास्थल पुगेको थियो । घटनास्थलमा इलाका प्रहरी कार्यालय गैँडाकोटबाट प्रहरी निरीक्षक हस्तबहादुर सुनारको नेतृत्वमा खटेको पाँचजनाको टोलीले अर्को शव पनि फेला पारेको पौडेलले बताउनुभयो ।

पहिलो शवभन्दा करिब १० फिटको दूरीमा करिब १८-२० वर्षको देखिने अर्का पुरुषको शव फेला परेको र दुवै शवको प्रारम्भिक अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक पौडेलले बताउनुभयो ।रासस

# महानगरले पुरातात्विक सम्पदा निर्माण गर्दा सङ्घीय सरकारसँग आर्थिक सहयोग नलिने

ललितपुर ।ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले महानगरभित्रका पुरातात्विक सम्पदा निर्माण गर्दा सङ्घीय सरकारसँग आर्थिक सहयोग नलिने बताउनुभएको छ ।

ललितपुरको सुनाकोठीस्थित भृङ्गारेश्वर महादेव मन्दिर प्राङ्गणमा भृङ्गारेश्वर धाम निर्माण गर्न आगामी कात्तिक ६ गतेदेखि १३ गतेसम्म हुने श्रीमद्भागवत् ज्ञान महायज्ञ( आध्यात्मिक महोत्सव)को सङ्कल्पसभाको उद्घाटन गर्दै प्रमुख महर्जनले मठमन्दिर, देवालय, शिवालयलगायत पुरातात्विक सम्पदा बनाउँदा महानगरको आन्तरिक स्रोतबाट खर्च गरिने जानकारी दिनुभयो ।




“सङ्घीय सरकारसँग खर्च लिएर पुरातात्विक शैलीको मठमन्दिर, देवालय, शिवालय निर्माण गर्दा प्रक्रिया लामो हुन्छ। ठेकेदारले पनि लिच्छविकालीन, मल्लकालीन मठमन्दिर, सम्पदाहरु पुरानै शैलीमा निर्माण गर्दैनन्”, उहाँले भन्नुभयो, “पाटन दरबारको भीमसेन मन्दिर, देगु तलेजु, बालकुमारीको बालकुमारी मन्दिर महानगरले उत्कृष्ट तरिकाले निर्माण गरेको छ। कुनै समस्या भएको छैन।”

मठमन्दिर, देवालय, शिवालय निर्माणमा नेतृत्व राम्रो भयो भने खर्च अभाव नहुने भन्दै महर्जनले काम गर्ने जोशजाँगर र इच्छाशक्ति हुनुपर्नेमा जोड दिनुभयो। सुनाकोठीमा सञ्चालन हुने महायज्ञले यस क्षेत्रको धार्मिक तथा पर्यटकीय महत्वको प्रचारप्रसार गर्नुका साथै आर्थिक सङ्कलनमा महत्वपूर्ण भूमिका निर्वाह हुने उहाँको भनाइ छ।

महायज्ञ सम्पन्न भएपछि मात्रै निर्माण सुरु हुनेगरी तालिका सार्वजनिक गर्नुपर्ने बताउँदै महानगर प्रमुख महर्जनले पुनःनिर्माणका लागि खर्च अभाव नहुने प्रतिबद्धता व्यक्त गर्नुभयो । “यो ठाउँ मुलुकको भ्रमण गर्नैपर्ने ठाउँ हो भनेर प्रचारप्रसार गर्न जरुरी छ । प्रभावकारी निर्माणका लागि सबैको सहयोग र सहकार्य आवश्यक छ”, उहाँले भन्नुभयो । महायज्ञका कथा वाचक प्रविण पण्डित दीनबन्धु पोखरेलले आध्यात्मिक साधन गर्न नेपाल सर्वोच्चस्थल हो भन्नुहुँदै विश्वलाई आध्यात्मिकवादमार्फत शान्तिको सन्देश दिन यहाँका धार्मिक, ऐतिहासिक स्थलको विश्वमा प्रचारप्रसार गर्नुपर्नेमा जोड दिनुभयो । “आध्यात्मिक साधनाका लागि नेपाल सर्वोच्चस्थल हो । यहाँ विश्वले भ्रमण गर्नैपर्ने स्थान छन्। सांस्कृतिक हिसाबले ललितपुर उत्कृष्ट छ, सुनाकोठीको यो भृङ्गारेश्वर क्षेत्रलाई आध्यात्मिक पर्यटकीय नगरीका रुपमा अन्तर्राष्ट्रियरुपमा विकास गराउनुपर्छ । महायज्ञका लागि विश्वासगरी शुभअवसर प्रदान गर्नुभएकामा गौरवान्वित छु”, पण्डित पोखरेलले भन्नुभयो ।

ललितपुर-२७ का वडाध्यक्ष कृष्णहरि महर्जनले सुनाकोठीको महायज्ञ सञ्चालनबाट पहिचान उजागर हुने तथा ऐतिहासिक महत्व अझै बढी प्रचारप्रसार हुने धारणा राख्दै यसका लागि सबैले आवश्यक सहयोग, समन्वय र सहकार्य गर्नुपर्ने बताउनुभयो।प्राचीनकालमा निर्मित भृङ्गारेश्वर विसं १९९० को भूकम्पले भत्काएपछि पुरानो शैलीमा मन्दिर निर्माण भएको थिएन । उक्त मन्दिरलाई पुरानै शैलीमा निर्माण गर्न महानगरको सहयोगमा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) प्रक्रिया अघि बढेको छ।

ऐतिहासिक सम्पदाका रुपमा रहेको भृङ्गारेश्वर महादेव मन्दिरको पुनःनिर्माण गरेर यहाँका पूर्वाधारलाई थप व्यवस्थित बनाउनुपर्ने भृङ्गारेश्वर सुधार तथा बुद्धसेवा समितिका अध्यक्ष रामचन्द्र महर्जनले बताउनुभयो । उहाँका अनुसार यहाँ बालकुमारी त्रिपुरासुन्दरी, जगन्नाथ, गणेश र भृङ्गारेश्वर महादेव मन्दिरलगायत ऐतिहासिक सम्पदा रहेका छन् । विसं २०७२ को भूकम्पले क्षति गरेका कतिपय ऐतिहासिक संरचना भने पुनःनिर्माण भइसकेका छन् ।रासस

## बैठक सोमबार बस्ने

काठमाण्डु । प्रतिनिधिसभाको आइतबारका लागिनिर्धारितबैठकसोमबारका लागि सरेको छ। आइतबार अपराह्न ३ बजेका लागि तय भएको बैठक विशेष कारणले सो समयमा बस्ने नसक्ने भएकाले सोमबार अपराह्न १ बजे बस्नेगरी निर्धारण गरिएको सङ्घीय संसद् सचिवालयले शनिबार सूचनामार्फत जानकारी गराएको छ।

यसैगरी आइतबार अपराह्न १ः१५ मा बस्नेगरी निर्धारण भएको राष्ट्रियसभाको बैठक पनि सोमबार बिहान ११ः३० बजे बस्नेगरी तय भएको संसद् सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेयद्वारा सूचनामा जनाइएको छ ।रासस

# प्रहरी जवानको परीक्षा दिँदै गरेका छ नक्कली परीक्षार्थी पक्राउ

काठमाण्डु । प्रहरी जवान (जनपद) पदको लिखित परीक्षा दिँदै गरेका छ नक्कली परीक्षार्थीलाई नियन्त्रणमा लिइएको छ । जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता, प्रहरी उपरीक्षक नवराज अधिकारीले शनिबार विभिन्न स्थानमा भएको परीक्षामा अर्काको नाममा परीक्षा दिँदै गरेका उनीहरुलाई पक्राउ गरी अनुसन्धान थालिएको जानकारी दिनुभयो ।




उहाँका अनुसार रित शाहीको नाममा परीक्षा दिँदै गरेका कालिकोटका २२ वर्षीय अभिषेक शाही, हिक्मतबहादुर थापाको नाममा परीक्षा दिँदै गरेका कञ्चनपुरका ईशाक तामाङ, शर्मिला शाहीको नाममा परीक्षा दिने दोलखाकी तृप्ती सुन्दास पक्राउ परेका हुन् । यस्तै पारस बुढाको नाममा परीक्षा दिने रोशन खत्री, सविन महराको नाममा परीक्षा दिने दार्चुलाका रविन्द्र महरा र प्रदीप बस्यालको नाममा परीक्षा दिने बैतडीका दिनेश चन्द रहेका प्रहरी उपरीक्षक अधिकारीले जानकारी दिनुभयो ।

दुई जनालाई प्रहरी वृत्त गौशाला, तीन जनालाई वृत्त बानेश्वर र एक जनालाई प्रहरी वृत्त सिंहदरबारको टोलीले पक्राउ गरेको उहाँले जानकारी दिनुभयो ।रासस

# पशुपति क्षेत्रमा गङ्गामाई रथयात्रा

काठमाण्डु । पशुपति क्षेत्रमा प्रत्येक वर्ष आषाढ शुक्ल सप्तमी अर्थात् अचला सप्तमीका दिन गरिने गङ्गामाई रथयात्रा सुरू भएको छ।

यहाँ जलकी अधिष्ठात्री देवी गङ्गामाईको दिव्य रथयात्रा गर्ने परम्परा छ। पशुपतिनाथ मन्दिर तथा पाशुपत क्षेत्रमा गङ्गाको दिव्य रथयात्रा तथा विशेष अर्चना गरेपछि पानी पर्ने एवं खडेरी नहुने विश्वास गरिन्छ।

यस जात्रामा राज्यबाट हर्ष बढाइँका लागि गुरूज्यूको पल्टनले सलामीसमेत प्रदान



गर्ने परम्परा छ। पशुपति क्षेत्र विकास कोषले गङ्गामाई जात्राको प्रतीकका रूपमा यसलाई निरन्तरता दिँदै आएको छ। पाशुपत क्षेत्र शाक्त सम्प्रदायको समेत उपासना स्थल हो। यसैले पनि गङ्गामाई रथयात्राको विशेष महत्व छ।

भगवान् श्री पशुपतिनाथ मन्दिरको गर्भगृहमा रहेको माता गङ्गाको अष्टधातुको मूर्तिलाई रथारोहण गराई पाशुपत क्षेत्रको देवमार्गमा परिक्रमा गराइन्छ । शनिबार अपराह्न पशुपतिनाथको बज्रघरबाट रथयात्रा सुरु भएको कोषबाट जात्रा पर्व हेर्नुहुने कर्मचारी वरुण खतिवडाले राससलाई जानकारी दिनुभयो। जात्रा शनिबारनै समापन हुने जनाइएको छ ।रासस

## शिलबन्दि बोलपत्र/दरभाऊ प्रस्ताव आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१।०३।३०)

आड्रा नेपालको कार्यक्रम संचालन भईरहेको क्षेत्रहरूका लागी आर्थिक वर्ष 2024/025 का लागी इच्छुक आपूर्तिकर्ताहरूबाट Hotel Service तथा Vehicle Hiring Service को दरभाऊ प्रस्तावको आव्हान गरीएको छ । यो सूचना प्रकाशन भएको मितिले १० दिन भित्र फर्म दर्ता प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाणपत्र तथा चालु आर्थिक वर्ष २०८९/८० को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि लगायत कागजातहरू संलग्न गरी शिलबन्दि दरभाउ प्रस्ताव पेश गर्नहुन आह्वान गरिएको छ । रीतपूर्वक बोलपत्र भरी प्रत्येक पानामा सही गरी शिलबन्दी गरी मिति २०८१।०४।०८ (23 July 2024) गते बेलुकाको ५ बजेभित्र आड्रा नेपाल कार्यलयमा वा **tenders@adranepal.org** मा सही छाप गरीएको दरभाउपत्र ईमेल गरी पनि पठाउन सकिनेछ । तोकिएको समय भन्दा पछि आएका बोलपत्रहरू समाबेश गर्ने वा नगर्ने अधिकार आड्रा नेपालमा निहित रहने छ ।

**Locations for service delivery:** Bardibas, Janakpur, Butwal, Bhairahawa, Chitwan, Dhading, Dhangadhi, Nepalgunj, Bardiya, Surkhet, Kohalpur, Sarlahi, Rautahat.

विस्तृत जानकारीका लागि आड्रा नेपालको वेवसाइट वाट वा निम्न ठेगानामा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**https://adranepal.org/get-involved/express-of-interest-2/**

अन्य थप जानकारीका लागीः

ADRA

**आड्रा नेपाल**
बखुण्डोल, मैत्री मार्ग, ललितपुर
फोन नं.-०१-५४५५९१३, ५४५५९१४
procurement@adranepal.org

आयो करे यात्रा मंगलमय चारो धाम की

यहि मिति २०८१/४/१६ गते बुधवार ३१ तारिखका दिन २×२ लक्जरी भिडियो कोच बस खुल्ने जा रहि हैं ।

विशेष यात्रा सेवा । शुल्तानगंज बाबाधाम बासुकिनाथबनारस, काशिविश्वनाथ, ज्योति लिङ्ग, प्रयागराज, संगम, चित्रकोट चारधाम बाबा बागेश्वरधाम, वृन्दावन, मथुरा, गोकुल, कुरूक्षेत्र, अर्मितशर स्वर्ण मन्दिर, जय माँ बैष्णो देवी, अमरनाथ, श्रीनगर, काशमिर ज्वलामुखि, नैना देवी, चिन्ता पुरनी काङ्गरा देवी, हरिद्वार, रिषीकेश, नैमीशारण, अयोध्या, गोरखपुर, गोरखनाथ दर्शन कराते हुऐ जनकपुरधाम वापस । बद्रीनाथ र केदारनाथ समेत ।



टिकट दर १८,००० भारु दो सामका भोजन समेत लिखेगए सारे तिर्थ ग्यारेन्टीके साथ घुमाया जाएगा हर यात्री अपना नागरिकता अवस्य रखे ।





प्रो. पोषण प्रसाद साह
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९५ (नेपाल)
मो. ९८४४०७३६०० (नेपाल)
मो. 8271086993 (भारत)



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

### अस्थिरताको दुष्चक्रमा फस्नबाट बचाऊ

सरकार गठन र विघटनको यात्रा अन्तर्गत २०७२ को संविधान निर्माण यता राष्ट्रले १० औं सरकार पाउने चरणमा प्रवेश गरेको छ। कुनै पनि राजनैतिक दलको सरकारले पाँच वर्षको कार्यकाल पूरा गर्न नसक्नु मिथकझै. हुन पुगेको छ। यो अवस्था किन सिर्जना भइरहेको छ ? सोच्न नपाउँदै अर्को सरकार गठनको प्रक्रिया प्रारभ्भ हुने भूराजनीतिले अस्थिरताको भूमरीमा पर्नु हो । विगतको इतिहास केलाउने हो भने नेपाली कांग्रेसको २०४८ सालमा स्पष्ट बहुमत हुँदा पनि सरकार असफल भयो। ०५६मा कांग्रेसले बहुमत ल्याउँदा पनि सरकार पनि पुँाच वर्ष टिक्न सकेन। २०७४ मा वाम गठबन्धन हुँदैं एउटे दल निर्माण गरी पुष्पकमल दाहालले बहुमत ल्याउँदा पनि नेकया र उसको सरकार विघटन हुन पुग्यो। २०७९ मा कांग्रेस माओवादीलगायतका् गठबन्धनले बहुमत ल्याउँदा पनि उक्त गठबन्धनले सरकार निर्माण गर्न नपाउँदै अविश्वास उत्पन्न भयो। पृष्ठभूमिलाई नियाँल्दा राजनीतिक नेतृत्वमा सत्ता प्राप्तिको महत्वकांक्षा मात्र दृष्टिगोचर हुन्छ। राजनीतिक दूरदर्शीताको अभाव नै यसको कारक तत्व भएको सत्यलाई स्वीकार नगरेकाले पनि पटक पटक गठन र विघटनको नियति भोग्नु परिरहेको छ। नेतृत्वहरुमा आलोपालो सरकार सञ्चालन प्रतिबद्धताप्रति घोकाको खेल खेल्नु आत्मरति भएको छ। प्रचण्डद्वारा जादुयी घोका पाएकाहरु नयाँ सहकार्य गरी सरकारको नेतृत्व गर्न प्रक्रियागत अवधिको प्रतीक्षामा छन् । हुन त जादुयी अंकगणितबाट आक्रान्त विरुद्धको नयाँ सहकार्य , समीकरणका सहमतिका बुँदाहरु आधिकारिक रुपमा सार्वजनिक गरिएको छैन। मूल रुपमा यी समीकरण धोका पाएकाहरुको चौतारी मात्र नबनोस। यस्तो भयो भने अस्थिरताले पुनः निरन्रता पाउने छ। कांग्रेस र एमालेको नयाँ समीकरण संविधान संशोधन ,ा प्रदेशसभामा समानुपातिक सांसद हटाउने , राष्ट्रियसभाको अध्यक्षता उपराष्ट्रपतिले गर्ने जस्ता सहकार्यका सुनिएका कारणहरुले कार्यान्वयनको आशालाई निराशामा परिणत गर्न सक्छन्। अस्थिर राजनीतिको कारकका रुपमा भूराजनीतिको दृष्टिले कुटनीतिक सन्तुलन मिलान नसक्नु पनि हो। यसका साथै संविधानतः एउटै दलको बहुमत आउने स्थिति नरहनुका बाबजुद गठबन्धन संस्कृति निर्माण गरी सहकार्यको यात्रा नगर्नु पनि कारक देखिन्छ। भ्रष्टाचारमा कोही पनि अछुतो नहुनु, एले अर्कालाई भ्रष्ट भनिने र चोखिने प्रवृत्ति , नयाँ दलले समेत आफू क्लीन रहेको दलील जनतामा पेश गर्न नसक्नु अस्थिरतालाई मौलाउने अवसर प्राप्त भएको छ। नयाँ सरकार पनि आलोपालोकै बुँदाको घरातललाई टेकेर निर्माण हुन लागेको छ जो कि अग्निपरीक्षा हो। दुष्चक्रमा फस्न नदिनु हो।

# समाचारले आतङ्क सृजना गर्ने होइन



**प्रभाषचन्द्र झा**
**वरिष्ठ पत्रकार**

नेपालमा बर्षाले यतिखेर, वितण्डा मच्चाएको छ । चारैतिर धनजनको क्षतिले नागरिक आक्रान्त छन्। मुलुकको मुख्य सडकहरु ठाउँ ठाउँमा भत्किएका छन् । बाढी पहिरोमा परेर लगभग एकसय जनाको ज्यान गुमेको छ। एक दिनको बर्षामा पनि बस्ती र शहरहरुमा पानी पस्नेको अवस्था छ। यस्तो बेलामा समाजलाई सचेत गराउनका लागि सञ्चारमाध्यमको झन बढी दायित्व निर्वाह गर्नुपर्ने हुन्छ । बाढी प्रभावित क्षेत्रमा कसरी उद्धार गर्ने लगायतका विषयमा समाचार सम्प्रेशन गर्दा भयको वातावरण सृजना हुन नदिनतर्फ बढी ध्यानकेन्द्रीत गर्नु पर्छ । अहिले के देखिएको छ, बाढी आयो भने समाचार प्रशारण गर्दा शब्द शब्दमा ध्यान नदिँदा सर्वसाधारण जनता त्रसित हुने गरेका छन् । यस विषयमा सजगता अपनाउनुपर्ने हो। समाचारले आतङ्क सृजना गर्ने होइन्। फुटवल खेलको प्रत्यक्ष प्रशारणजस्तै समाचारको प्रशारण नगर्दा बेश हुनेछ।

२०५३ सालमा च्छो रोल्पा हिमताल फुटने हल्लाले मुलुकनै हल्लिएको थियो। सो हिमतालको पानी तामाकोशीमा पसेपछि आसपासका बस्तीहरु डुवानमा पर्ने भनेर सजगता अपनाउनका लागि सर्वसाधारण जनतालाई सचेत पारिएको थियो । दोलखा र चरिकोटमा साइरननै राखिएको थियो । त्यो साइरनको आवाज सुन्नासाथ उचाईमा आश्रय लिन बताइएको थियो । तामाकोशी वरपरका सयौं परिवार घर छोडेका थिए । करिव एक महिनासम्म आतङ्कनै मच्चिएको थियो। सञ्चारमाध्यमले च्छो रोल्पाको पानी तामाकोशीमा मिसिएपछि पानीको भारलाई थेग्न नसकेर सप्तकोशीमा निर्माण गरिएका तटबन्ध भत्किने र कोशीको पुल त तासझैं ढल्ने भनेर व्यापक रुपमा समाचार सम्प्रेशन पटक पटक गरेर कोशी क्षेत्रका वासिन्दालाई त्रसित पार्ने कार्य गरिएको थियो। वास्तवमा दोलखाको चरिकोटस्थित च्छो रोल्पा अस्पतालको भवन चर्किएको रहेछ । अस्पताल र तालमा भ्रम उत्पन्न भई हल्ला फिजिँएको थियो। अहिले त्यस्तै, कोशी ब्यारेज अहिले भत्किए, एकछिनमा भत्किएजस्ता समाचार प्रवाह गरेर सर्वसाधारणलाई आजित पार्ने काम नगरौं।

२०६५ साल भदौं २ गतेमा सुनसरीको हरिपुरमा अविस्थत कोशीको पूर्वी तटबन्ध भत्किएको थियो । नेपालको चार किलोमिटर क्षेत्रलाई डुवानमा पार्दे विहारमा बाढीको पानी पसेपछि सयौं गाउहरु डुवानमा परेको थियो । त्यो घटनापछि, अविरल बर्षा हुनासाथ क्यामरा बोकेर पत्रकारहरु कोशी ब्यारेजबाट प्रत्यक्ष प्रशारण शुरु गर्न ओइरो नै लाग्छ। सीमावर्ती क्षेत्र भारतका पनि पत्रकारहरु आउने गर्छन् । त्यसपछि, शुरु हुन्छ, एक अर्कालाई उछिन्ने प्रतिस्पर्धा। केही दिनअघि कोशी ब्यारेजको ५६वटै ढोका खोलिएको थियो। खतराको सङ्केतको रुपमा रातो बत्ती बालिएको थियो । प्रतिसेकेण्ड नौं लाख क्यूसेक पानी बहाव क्षमता राखेका सो पुल भएर केही दिनअघि प्रति सेकेण्ड चार लाख क्यूसेकभन्दा बढी पानीको प्रवाह भएको थियो। पानीले अव पुललाई छुन लागेको भन्दै कतै पुल त भत्किने त होइन भन्ने खालका समाचार प्रवाह गरिरहेको वेला पत्रकारवन्धु स्वयं पुलमैं उभेको हुन्छ। आफु त सुरक्षित हुनुपर्ने होइन र् ।

पूर्व पश्चिम राजमार्गलाई जोड्ने एकमात्र पुल भत्किएपछि खासगरी पूर्वी क्षेत्र धेरै बढी प्रभावित हुनेछ। प्रत्येक नेपालीलाई चिन्ता गर्नु विषय हो। तर, हामी समाचारदाताहरुले सरकारलाई घच्चघचाउने हो, सर्वसाधारणलाई डराउने होइन् । नेपालका सञ्चारकर्मीहरुले ५० बर्ष आयु भएको पुलको ६० बर्ष भइसकेको छ। तर, कोशी ब्यारेजका पदाधिकारीहरुसँग सो विषयमा जानकारी लिएर समाचार सम्प्रेशन गर्दा उपयुक्त हुनेछ । नेपाल सरकारले पनि अहिलेसम्म अधिकारिक रुपमा पुलको मर्मत सम्भार वा नयाँ पुल निर्माणको लागि दुई पक्षीय बैठकमा आवाज उठाएको सुनिएको छैन्। नेपाल र भारतबीच १९९ बर्ष कोशी सम्झौताअन्तर्गत पुल र तटबन्धको निर्माणको दायित्व भारत सरकारको हो । खासगरी, नेपालको तर्फ चिन्ताको विषय के छ भने अचानक पुल भत्किए भने यातायात अवरुद्ध हुनेछ। तर, कोशी व्यारेजका पदाधिकारीहरुले कोशी पुल मर्मत सम्भारको विषयमा अधिकारिक रुपमा केही नबोलेको कारण तत्काल त्यस्तो खतरा उत्पन्न हुन सम्भावना छ, जस्तो लाग्दैन्। कोलकोत्ताको जोसेफ एण्ड कम्पनीले उक्त पुलको निर्माण गरेको हो ।२०७२ साल वैशाख १२ गतेको विनासकारी भुकम्प आएपछि मुलुकमा धेरै जनधनको क्षति भएको थियो । त्यो बेलामा कोशी व्यारेजको निर्माणमा खटिएका प्रमुख प्राविधिक टोलीले पुलको स्थलगत अनुगमण गरी अलिकतिपनि क्षति नभएको भनेर विहार सरकार र कोशी व्यारेज कार्यालयलाई जानकारी गराएको थियो। अर्को कुरा के छ भने भारत सरकारले निर्माण गरेको राष्ट्रिय राजमार्गअन्तर्गत विहारमा कोशी नदीमा विशाल पुल निर्माण गरेको छ। अर्को पुल निर्माणाधीन अवस्थामा छ। हामीले अहिलेसम्म चतरामा पुल निर्माणको कार्यलाई तीव्रता दिन नसकेको हो। यस विषयमा सरकारलाई गम्भीर हुनुपर्छ।

> सन् १९६५मा राजा महेन्द्र र लालबहादुर शास्त्रीले संयुक्त रुपमा पुलको उद्घाटन गरेको थियो । कोशी सम्झौताअनुसार मुआब्जाको विवाद अहिलेसम्म कायमै छ । कोशी नदीबाट नेपाललाई फाईदा वा वेफाईदा लगायतका विषयमा लामो समयदेखि तर्कवितर्क चलिरहेको छ । तर, सम्झौताअनुरुप नेपालले फाईदा लिन नसकेको देखिन्छ । यस विषयमा सरकारलाई गम्भीर हुनुपर्छ ।

**रोचक जानकारी**

विसं १९९५-९६ तिर कोशी नदीले भारदह, लीलजालगायत दर्जनौं गाउँलाई कटान गऱ्यो । मेरो पुख्यौंली गाउँ लीलजा हो । कोशी ब्यारेजको बीच भागमा उभिएर दक्षिण पश्चिम दिशातर्फ हेर्दा करिव पाँच सात किलोमिटरमा त्यहाँ एक विशाल गाउँ लीलजा अवस्थित थियो । अहिले समस्त कोशी बग्ने गरेको छ। आमावुवा बताउनुहुन्थ्यो, " भारदह लीलजातर्फ कोशी नदीको टाढा टाढासम्म नामो निशान थिएन् ।" उतिखेर, कोशी सुनसरीको कुशहाबाट भारतको बथनाहा (जो जोगवनीदेखि ५ किलोमिटरमा पर्छ) पूर्णिया, कटिहार हुँदै गङ्गामा मिसिन्थ्यो। अप्रत्यासित रुपमा कोशीले बाटो परिवर्तन गरेपछि अहिलेको ब्यारेजको उत्तरको केही गाउँका साथै दक्षिणका शुरुको पहिलो भारदह, त्यसपछि, लीलजापछि कटैया गाउँको कटान गऱ्यो। लीलजादेखि ठीक दुई किलोमिटर पश्चिममा हुनुमाननगर पर्छ । उतिखेर, हनुमाननगर सप्तरी सिरहाको संयुक्त जिल्ला सदरमुकाम थियो । हनुमानगर कटानमा पर्ने खतरा देखिएपछि राजविराजलाई सदरमुकाम घोषित गरी सरकारी कार्यालयका साथै विभिन्न मन्दिरका मूर्तिहरु उठाएर राजविराज लग्यो । अन्त्यमा हनुमानजीको मूर्ति उठाउनका लागि प्रयास शुरु भयो। मूर्ति टसमन भएन् । मन्दिरका पुजारीलाई सपनामा हनुमानजीले 'म यहाँबाट जान्न म कोशीको शक्ति हेर्छु ।' यो कुरा पुजारीले विहान सर्वसाधारणलाई सुनाएपछि चर्चाको विषय बनेको थियो । एक साता नवित्दै हनुमान मन्दिरदेखि करिव तीनसय मिटर पूर्व र उत्तरको कुनामा अवस्थित पोखरीमा कोशीको पानी पस्न खोजेको छ । त्यहाँ अवरोध शुरु भयो । मेरो अभिभावकहरु बताउनुहुन्थ्यो, "पानी कुनै अज्ञात वस्तुमा ठक्कर खाएपछि करिव पाँचसय मिटर पछाडि हट्थ्यो । तीव्रगतिको ठक्करले गर्दा पानीको केही भाग २० फिट माथिसम्म उठ्थ्यो। यो प्रक्रिया करिव अपराह्नसम्म चल्यो। अन्ततः पानीले सो बाटो छोडेर दक्षिणतर्फ बग्न थाल्यो । त्यो बेला हजारौं मानिसले सो दृश्य हेरेका थिए । अर्को प्रमाणको रुपमा कोशीले २०४८ सालमा हनुमानगरसँग जोडिएको योगिनियाँमा कोशीले एक किलोमिटर तटबन्ध कटान गऱ्यो। तर, कोशीको पानी योगिनियाभित्र पसेन । योगिनियामा पस्नासाथ हनुमानगरमा स्वतः पस्ने थियो। कोशीले त्यो बेलामा पनि आँट गर्न सकेन् । कोशी ब्यारेजको निर्माण सुख्खा ठाउँमा भएको हो । ब्यारेजदेखि करिव तीन किलोमिटर पश्चिम भएर कोशी नदी बग्ने गर्दथ्यो। पुल निर्माणपछि कोशीको पानी छेक्ने कार्य बडो जटिल थियो। हम्मेहम्मे परेको थियो। पानीलाई छेकेपछि ब्यारेजमा पानी खसाइएको थियो।

भारदहको कंकालीनी मन्दिरको नजिकदेखि सीमावर्ती कुनौंलीसम्म १९ किलोमिटर लम्बाईको तटबन्ध निर्माण गरिएको छ । कोशी नदीको तटबन्ध भत्किएपछि पानीलाई रोक्नका लागि सो तटबन्धको निर्माण गरिएको हो । त्यो १९ किलोमिटरको दूरीमा करिव सात-आठ ठाउँमा पुलेसा बनाएर ढोका राखिएको छ । त्यसलाई सुलिस भनिन्छ। उत्तरबाट बर्षाको पानी दक्षिणतर्फ बग्दा तटबन्धले रोक्छ । त्यो पानीको निकासको लागि सुलिस बनाइएको हो। बर्षायामको समयमा सुलिसको ढोका उठाइ दिएपछि बर्षाको पानी सिधैं कोशीमा मिसिन्छ। तर, केही बर्षदेखि त्यो विग्रेको छ, त्यसकारण, हनुमानगरको दक्षिणी भेगको डलवा र रामपुरलगायतका खेतियोग्य जग्गा डुवानमा पर्ने गरेको छ। यस विषयमा सञ्चारकर्मीलाई आवाज उठाएको देखिएन् ।

हिमालयको मुख्य श्रृंखलाको आठ हजार मिटरको उचाईबाट कोशीको शुभारम्भ हुन्छ। १५० किलोमिटर दक्षिण आएर ६५ मिटरको उचाईमा भारतको विहारमा प्रवेश गर्छ। यसो हेर्दा, तिब्बतबाट शुरु भएको सो नदी नेपाल हुँदै भारतमा प्रवेश गर्छ।

कोशी नदी तिब्बतबाट ७२० किलोमिटरको यात्रा गर्दै सुनसरीको चतरामा झरेपछि भन्टाबारीनजिक भारतको भीमनगरमा प्रवेश गर्छ। यो कोशीको पूर्वी भाग हो । त्यहाँबाट २६० किलोमिटर यात्रा गरी कटिहारको कुर्सेलानजिक गङ्गा नदीमा मिसिन्छ। सो नदीले तिब्बत, नेपाल र भारत गरी ७४ हजार ५०० वर्गकिलोमिटर भूमि आफूमा समेटेको छ।

यो नदीले पानीसँगै बढी बालुवा बगाउने गर्छ। कोशी नदीलाई विहारको अभिशाप पनि भन्ने गरिन्छ। कोशी नदीको नेपाल र विहारको दुवैतर्फ तटबन्ध निर्माण गरिएको छ। तर, विहारको सुपौललगायतका जिल्लाका कतिपय वासिन्दाहरु अहिलेपनि कोशीको तटबन्धभित्रबाट हट्न तयार नहुँदा बाढी आउँदा प्रत्येक बर्ष उनीहरुको उठिवास हुने गर्छ।

मातृकाप्रसाद कोइराला प्रधानमन्त्री रहेको बेलामा २५ अप्रिल १९५४मा कोशी सम्झौता भएको थियो । नेपालको तर्फबाट योजना, विकास, कृषि, खाद्य, उद्योग एवम् वाणिज्यमन्त्री महावीरशम्शेर जवरा र भारत सरकारको तर्फबाट योजनामन्त्री गुलजारीलाल नन्दाले हस्ताक्षर गरेका थिए।

नेपालमा कोशी ब्यारेजदेखि उत्तर भरौंलसम्म पूर्वीतटबन्ध र ब्यारेजदेखि दक्षिण सप्तरीको डलवासम्म पश्चिमी तटबन्ध निर्माण गरिएको छ । त्यसपछि, भारतको कुनौंली हुँदै पश्चिमतिर जाने गर्दछ।

कोशी नदीमा पुल निर्माणको लागि राजा महेन्द्र र भारतका प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरुले संयुक्त रुपमा शिलान्यास गरेको थियो । कोशी ब्यारेजका साथै तटबन्धको निर्माण, मर्मत सम्भारको जिम्मेवारी भारत सरकारको छ भने आवश्यक परेको खण्डमा नेपालले समन्वयको दायित्व निर्वाह गर्छ । कोशी नदीमा बालुवाले नदीको सतह पुरिँदै उँचो भएपछि पानीको बहावको गतिमा कमी आएको अनुभव गरिएको छ। बेला बेलामा पुलको उत्तरी र दक्षिणी भागमा बालुवा निकाल्ने कार्यपनि गर्छन्।

सातवटा नदीहरु मिलेर बनेकाले यसलाई सप्तकोशी भनिएको हो । सप्तकोशी हिम नदीको समूहअन्तर्गत पर्दछ। विश्वको सर्वाधिक उचाईमा रहेका ग्लेसियरको जल प्राप्त गर्छ। यो हिमालय पहाडबाट निस्केको हो । अरुण, सुनकोशी, तमोर, दूधकोशी, लिखु र इन्द्रावती। यी सात नदी मिलेर सप्तकोशी नदी बग्ने गर्दछ। यो नदीमा त्रियुगा र महुलीको एक धारका साना साना खोलाहरुपनि मिसिने गर्छ।

तत्कालीन सरकारले कोशी नदी बेचेको भनेर नेपालमा अहिलेसम्म आरोप लगाउने क्रम जारी छ । नेपालका बामपन्थीहरु चुनावी मुद्धा बनाउने गर्छन्। त्यो विवाद आफ्नो ठाउँमा छ , त्यसको चर्चा परिचर्चा चलिरहनेछ। सन् १९६५मा राजा महेन्द्र र लालबहादुर शास्त्रीले संयुक्त रुपमा पुलको उद्घाटन गरेको थियो। कोशी सम्झौताअनुसार मुआब्जाको विवाद अहिलेसम्म कायमै छ। कोशी नदीबाट नेपाललाई फाईदा वा वेफाईदा लगायतका विषयमा लामो समयदेखि तर्कवितर्क चलिरहेको छ । तर, सम्झौताअनुरुप नेपालले फाईदा लिन नसकेको देखिन्छ । यस विषयमा सरकारलाई गम्भीर हुनुपर्छ। 'इतिश्री'

# प्राकृतिक जलवायु प्रकोप र पशुधन क्षेत्र व्यवस्थापन

**डा.केदार कार्की**
**वरिष्ठ पशु चिकित्सक**

विपद् व्यवस्थापन भन्नाले खतरालाई विपद्मा परिणत नहोस् भनेर त्यस्ता सबै उपायहरू अवलम्बन गर्नुपर्छ भन्ने हो। किनकि, हामी धेरै प्राकृतिक प्रकोपहरू हुनबाट रोक्न सक्दैनौं तर तिनीहरूको हानिकारक प्रभावहरूलाई उचित व्यवस्थापन गरेर जीवन र सम्पत्तिको क्षतिलाई कम गर्न सक्छौं। प्रकोपहरू प्राकृतिक वा मानवीय प्रकोपहरूको परिणाम हो, विपद्लाई मानवीय रूपमा एक विनाशकारी घटनाको रूपमा परिभाषित गर्न सकिन्छ जुन बाहिरी सहायता बिना प्रतिक्रिया गर्न सक्ने समुदायको क्षमता भन्दा बढी हुन्छ। यद्यपि केही प्रकोप कोटिहरूले ती घटनाहरू मात्र समावेश गर्दछ जसमा मानिसहरू प्रभावित हुन्छन्, गैरमानव जनावरहरू पनि ठूलो संख्यामा प्रभावित हुन्छन् र प्रायः प्रकोप पछि समायोजन गर्ने क्षमता र स्रोतहरूको अभाव हुन्छ। सामान्यतया, मानवलाई हानि गर्ने प्राकृतिक प्रकोपहरूले गैरमानव जनावरहरूलाई पनि हानि पुऱ्याउँछ। मानव मापदण्ड अनुसार हल्का हुने असामान्य प्राकृतिक घटनाहरू पनि जंगलमा बस्ने जनावरहरूलाई विनाशकारी हुन सक्छन्।

प्राकृतिक प्रकोपमा गैर-मानव जनावरको बाँच्नलाई असर गर्ने कारकहरू समावेश छन्ः प्रजातिहरूको विशिष्ट अनुकूलन, यो प्रजनन मौसममा हो, चाहे यो घुमन्ते हो वा भाग्ने अन्य माध्यमहरू र विशेष निवास जसमा उनी बस्छन्। उनीसँग संघर्ष गर्ने केही अन्य कारकहरूमा उनको शारीरिक अवस्थासँग सामना गर्ने वा आफ्नो हेरचाह गर्ने क्षमता समावेश छ। गहिरो आँखा, श्रवण र अन्य इन्द्रिय भएका जनावरहरू सजिलै बाँच्न सक्छन्। उड्ने चराहरू वा बसाइँ सर्ने ठूला जनावरहरू जस्तै। साना जनावरहरू सजिलै डुब्छन्, बाढी वा भारी वर्षाको कारण तिनीहरूका खम्बाहरू पानीले भरिन्छन्, वा भाग्न गाह्रो हुने ठाउँहरूमा फसेको बेला कुच्छन् वा जल्छन्।

जनावरहरूको विस्थापन पनि हुन्छ, कि त तिनीहरू सुरक्षित ठाउँमा सरेका छन् वा तिनीहरू तीव्र हावा वा बाढीको पानीले बगाएको कारणले। यदि विस्थापित जनावरहरू सानो क्षेत्रमा जम्मा भएमा, रोग र परजीवीहरूले संक्रमणको ठूलो प्रकोप निम्त्याउन सक्छ। सीमित खाद्यान्न आपूर्तिका कारण कुपोषण र भोकमरी पनि प्रमुख जोखिमहरू हुन्। यदि पर्याप्त आश्रय छैन भने जनावरहरू घाम, चिसो वा हावाको सम्पर्कबाट पनि प्रभावित हुन सक्छन्।

बाढीको समयमा, बाढी वा माटोको कारण साना जनावरहरू डुबेर वा मर्ने सम्भावना बढी हुन्छ। बिरालोमा बस्ने जनावरहरू केही हदसम्म साना गडबडीहरूबाट सुरक्षित हुन्छन्, तर मुसलधारे वर्षाले तिनीहरूको भाँडाहरू नष्ट गर्न वा बाढी आउन सक्छ र प्रवेशद्वार अवरुद्ध गर्न सक्छ, उनीहरूलाई फसाउन वा घरबारविहीन छोड्न सक्छ। हाँगाहरू, पातहरू, ढुङ्गाहरू र अन्य मलबे पानी वा हावाले वरिपरि सरेकोले बुरोहरूमा प्रवेश गर्ने मार्गहरू अवरुद्ध हुन सक्छ। पात र भग्नावशेषले समुद्री जनावरहरूलाई पनि हानि पुऱ्याउन सक्छ, सूर्यको किरण अवरुद्ध गर्दछ, अक्सिजनको स्तर घटाउँछ र माछाको गिलहरू बन्द गरेर निसास्स्छ कि जनावरले परिणामहरूको सामना गर्न सक्छ कि सक्दैन भन्ने कुरा धेरै जसो बाहिरका कारकहरूको संयोजनसँग सम्बन्धित छ। तिनीहरूको नियन्त्रणमा घाईते र डरलाग्दो जनावरहरू शिकार हुने बढी जोखिममा छन्। बोत्रा र पातहरूले आफूलाई छद्म पार्ने जनावरहरू बढी पर्दाफास हुन सक्छन् किनभने तिनीहरू भित्र लुक्नका लागि कम रूखहरू हुनछन्।

बाढी आएमा जनावरको हेरचाह गर्नु अति आवश्यक हुन्छ। जनावरहरूलाई सुरक्षित स्थानमा लैजानुहोस् जहाँ पानीको जोखिम छैन। उनीहरूका लागि पर्याप्त मात्रामा सुख्खा चारा र सफा पानीको व्यवस्था गर्ने। जनावरहरूको स्वास्थ्यको लागि नियमित रूपमा जाँच गर्नुहोस् र आवश्यक औषधिहरू उपलब्ध राख्नुहोस्। यदि सम्भव छ भने, जनावरहरूको बस्ने ठाउँ सफा र सुक्खा राख्नुहोस्। यसरी तपाईंले बाढीको समयमा पनि जनावरहरू सुरक्षित र स्वस्थ रहन सुनिश्चित गर्न सक्नुहुन्छ।बाढीले मानिस र जनावरहरूको लागि गम्भीर स्वास्थ्य समस्याहरू निम्त्याउँछ। जनावर हरूलाई खतरनाक कीरा, सर्प आदिले आक्रमण गर्न सक्छ। जब बाढीको दर बढ्छ। लामो समयसम्म पानी र घाँस नपाउँदा गाईवस्तु भोकमरीले मर्छन्।

जनावरहरूको हेरचाहको लागि महत्त्वपूर्ण निर्देशनहरू तल दिइएका छन् बाढीको अवस्थामा जनावरहरूलाई जोगाउने उपायहरू। यदि कुनै क्षेत्रमा बाढीको सम्भावना छ भने, जनावरहरूलाई तुरुन्तै उच्च र सुरक्षित स्थानमा लैजानुहोस्। बाढी समाप्त भएपछि यी कुराहरूमा ध्यान दिनुहोसस ड्ड जनावरहरूले फोहोर पानी पिउन नदिने कुरामा ध्यान दिनुहोस्। ड्ड बाढीका कारण जनावरमा निमोनिया, झाडापखाला, छाला रोगको लक्षण देखिएमा नजिकको भेटेरिनरी अस्पतालमा भेटेरिनरी अफिसरलाई सम्पर्क गर्नुहोस्। ड्ड मृतक जनावरहरू तुरुन्त दर्ता गर्न ग्राम पञ्चायतलाई सम्पर्क गर्नुहोस्। शवको पोष्टमार्टम स्थानीय भेटेरिनरी अफिसरबाट गराउने गरी सरकारी सहयोग लिन समस्या नहोस्। ड्ड बाढी समाप्त भएको स्थानीय अधिकारीबाट निर्देशन पाएपछि मात्र गाईवस्तुहरूलाई पुरानो ठाउँमा लैजानुहोस्। ड्ड वर्षाले हरियो सुख्खा घाँस धेरै भिजेको छैन भने अलिकति सुकाएर पशुलाई दिनुहोस्। यदि यो धेरै भिजेको छ भने, यसलाई हटाउनुहोस्।

**बाढीको समयमा व्यवस्थापन**

जनावरहरूलाई तुरुन्तै उच्च जमिनमा सार्नुहोस् र चोटहरूको लागि जाँच गर्नुहोस्। सुनिश्चित गर्नुहोस् कि जनावरहरूलाई सबै संक्रामक रोगहरू विरुद्ध खोप लगाइएको छ। यदि प्रकोपको अग्रिम पूर्वानुमान गरिएको छ भने, जनावरहरूलाई सुरक्षित स्थानमा ल्याउनुपर्छ। बाढीग्रस्त क्षेत्रहरूमा जहाँ ढिलो निकास हुन्छ, हाँस पालन र माछा पालनको लागि प्रयोग गर्न सकिन्छ।

**प्रकोपको समयमा प्रयोग गरिने खाद्य प्रविधिहरू**

कुनै पनि प्राकृतिक प्रकोपको समयमा सबैभन्दा ठूलो चुनौती भनेको जनावरलाई आवश्यकता अनुसारको खाना उपलब्ध गराउनु हो। साथै, यस समयमा खाना दूषित हुने सम्भावना पनि बढी हुन्छ। त्यसैले यस समयमा जति खाद्यवस्तु उपलब्ध छन्, त्यसबाट खाद्य प्रविधिको प्रयोग गरी अधिकतम लाभ लिने प्रयास गर्नुपर्छ। निम्न खाद्य प्रविधिहरू प्रयोग गरेर विपद्को समयमा जनावरहरूलाई कुपोषणबाट बचाउन सकिन्छ र तिनीहरूको उत्पादन घट्नबाट जोगाउन सकिन्छ।

**पराल को यूरिया उपचार**

परालको यूरिया प्रशोधनले यसको प्रोटिनको मात्रा मात्र बढाउँदैन, यसको पाचन क्षमता पनि बढाउँछ। युरिया प्रशोधित भुसले दूध उत्पादन १-२ लिटर/पशु/दिन बढाउँछ, किसानहरूलाई राम्रो आर्थिक प्रतिफल प्रदान गर्दछ र हरियो घाँस उत्पादनको लागि आवश्यक भूमि क्षेत्र घटाउन मद्दत गर्न सक्छ। एक टन पराल प्रशोधनका लागि ४० किलो युरिया ३५०-५०० लिटर पानीमा मिसाएर परालमा फैलाउनुपर्छ।

**यूरिया मोलासेस मिनरल ब्लक**

नेपाल मा खडेरीका कारण, सामान्यतया उपलब्ध जनावरको दानामा ठूलो मात्रामा रेशायुक्त दाना मुख्यतया बाली अवशेषहरू (चफ) र सुकेको घाँसहरू हुन्छन्। यी फिडहरूमा प्रोटिन र अन्य आवश्यक पोषक तत्वहरूको कमी हुन्छ। अत्यधिक लिग्निफिकेशनका कारण, बालीको अवशेषको पाचन क्षमता कम हुन्छ। यी ब्लकहरू सजिलै भण्डारण, ढुवानी र वितरण गर्न सकिन्छ। यूरिया मोलासेस मिनरल ब्लक बनाउन निम्न सामग्रीहरू प्रयोग गरिन्छः गुड़ ३८ भाग, युरिया १० भाग, पोर्टल्यान्ड सिमेन्ट १० भाग, गहुँको चोकर ४० भाग, नुन १ भाग, खनिज मिश्रण १ भाग, प्रति १०० किलो। माथिका सामग्रीहरू निम्न क्रममा मिलाइन्छः पानी, यूरिया, नुन, खनिज मिश्रण, सिमेन्ट, गुड़ र गहुँको चोकर। सिमेन्टको तौलको १/३ को दरले यसलाई पूर्ण रूपमा भिजाउन पानी थपियो। त्यसपछि मिश्रणलाई ब्लकहरू बनाउन विशेष रूपमा डिजाइन गरिएको मोल्डहरूमा स्थानान्तरण गरिन्छ। ब्लकहरूलाई मोल्डमा २४ घण्टासम्म राखिन्छ र पछि निकालेर सुकाउन राखिन्छ र आवश्यकता अनुसार जनावरलाई खुवाउँछ। यसले जनावरको शरीरमा ऊर्जा, प्रोटीन र खनिजहरू आपूर्ति गर्दछ।

**फिड ब्लक पूरा गर्नुहोस्**

फिड लागत र श्रम लागत घटाउनु र उत्पादनलाई अधिकतम बनाउनु समयको आवश्यकता हो र पूर्ण फिड ब्लकद्वारा प्राप्त गर्न सकिन्छ। यो प्रणाली किफायती र कुशल छ किनकि यसले कम लागतमा कृषि-औद्योगिक उप-उत्पादनहरू र कम गुणस्तर बाली अवशेषहरू पनि प्रयोग गर्दछ। ब्लकहरू गहुँको चोकर, चामलको चोकर, तोरी, बदामको केक आदिबाट बनाउन सकिन्छ। यसमा गुड़, खनिज लवण र नुन पनि मिसाउन सकिन्छ। तिनीहरूले कम ठाउँ ओगटेको छ, सजिलै एक ठाउँबाट अर्को स्थानमा लैजान सकिन्छ र जनावरलाई पूर्ण पोषण प्रदान गर्दछ।

**साइलेज प्रविधि**

मनसुनमा हरियो घाँस प्रशस्त मात्रामा पाइने हुँदा यसलाई साइलेजको रूपमा संरक्षण गर्न सकिन्छ र विपद्को समयमा प्रयोग गर्न सकिन्छ। यस प्रक्रियामा हरियो घाँसलाई सानो टुक्रामा काटेर यति सुकाइन्छ कि त्यसमा ६५ प्रतिशत चिस्यान रहन्छ। यस हरियो घाँसमा युरिया र गुड़ पनि मिसाउन सकिन्छ, जसले यसको पोषण मूल्य बढाउँछ। यो चारालाई हावा र पानी भित्र पस्न नपरोस् भनेर लगभग २१ दिनसम्म छोपेर राखिन्छ। खोलेपछि आवश्यकता अनुसार जनावरलाई खुवाउन सकिन्छ। साइलेज पौष्टिक तत्वले भरिपूर्ण हुन्छ र जनावरलाई खुवाउनको लागि हरियो चारा उपलब्ध नभएको बेला यो राम्रो विकल्प हो।

**चारा र चारा बैंक निर्माण**

खडेरी र बाढीको समयमा पशुधनको आवश्यकता पूरा गर्न यो महत्त्वपूर्ण उपाय हो। माथि उल्लेखित आपतकालीन अवस्थाको सामना गर्न, दाना र चारा निम्न तरिकाले भण्डारण गर्न सकिन्छ।

मानव उपभोगका लागि अयोग्य सामग्रीहरू समावेश गरिएका फिड बैंकहरूः मानव उपभोगको लागि अयोग्य मानिएको दाना सामग्रीहरू पशुधनको प्रयोगको लागि लिन सकिन्छ र अफलाटोक्सिन, कीटनाशक र औषधिको अवशेषहरूको परीक्षण पछि फिड बैंक वा स्टोरहरूमा भण्डारण गर्न सकिन्छ।

चारा बैंकः घाँस वन क्षेत्र, बाँझो जमिन र खेत परिधिबाट कटनी गर्न सकिन्छ र उच्च घनत्व स्टकहरूमा घाँसको रूपमा भण्डारण गर्न सकिन्छ। धान र गहुँको पराल, मोटो दाना, गेडागुडी, अन्नबालीबाट बाली काटिसकेपछि बाँकी रहेका अवशेषहरू जस्ता प्रमुख अन्नहरू यी बैंकहरूमा भण्डारण गरी आवश्यकता अनुसार पशुपालनलाई दिन सकिन्छ।

जनकपुर टुडे



# साहित्यले राष्ट्रलाई अगाडि बढाउँछ : सभामुख

काठमाण्डु । सभामुख देवराज घिमिरेले नेपाली साहित्यको महत्वलाई दर्शाउँदै साहित्यलाई अगाडि बढाउँदै गर्दा त्यसले राष्ट्रलाई अगाडि बढाउने विश्वास व्यक्त गर्नुभएको छ।

आदिकवि भानुभक्त आचार्यको २११औँ जन्म जयन्तीको अवसरमा नेपाल प्रज्ञा प्रतिष्ठान र भानु प्रतिष्ठानले यहाँ शनिबार आयोजना गरेको कार्यक्रममा उहाँले नेपाल जस्तो विभिन्न जातजातिको बसोवास भएको तथा संस्कार संस्कृति रहेको मुलुकमा भाषाले अझ विश्वव्यापी महत्त्व कायम गर्ने बताउनुभयो।



वर्तमान आधुनिक युगमा 'डिजिटलाइज' गरेर नेपाली साहित्यलाई प्रतिष्ठा बनाउनुपर्ने उहाँको भनाइ छ। सभामुख घिमिरेले आदिकवि भानुभक्तले गर्नुभएको योगदानको सम्मान गर्दै नयाँ पुस्ताले अनुसरण गर्नुपर्नेमा जोड दिनुभयो।

उहाँले भानुभक्तले गरेका योगदानलाई समाजमा ल्याउनुका साथै समाजको विकासलाई साहित्यको क्षेत्रबाट अगाडी लैजाने, भाषालाई विकास गर्ने र भाषाको माध्यमबाट विश्वव्यापी रुपबाट राष्ट्रलाई चिनाउनुपर्ने बताउनुभयो।

"नेपाल एकीकरण गर्ने सन्दर्भमा तत्कालीन राजा पृथ्वीनारायण शाहले जसरी राष्ट्रलाई भौगोलित रुपबाट एक ठाउँमा ल्याउर विशाल राष्ट्र बनाउने र नेपालीलाई अगाडि बढाउने कुरा एउटा ऐतिहासिक महत्व कायम गर्नुभयो, त्यो आन्दोलनलाई अगाडि बढाउँदै गर्दा वीर रसका धेरै कविता लेखिने गरेको इतिहास छ", उहाँले भन्नुभयो।

सोही अवसरमा प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईले प्रज्ञा-प्रतिष्ठानले सबै भाषा सबै ज्ञान : सबैको प्रज्ञा प्रतिष्ठान भन्ने मूल मन्त्रअनुसार प्रतिष्ठानलाई साझा थलो बनाउने जर्मको गरिरहेको बताउनुभयो। भानु प्रतिष्ठानका अध्यक्ष डा नवराज लम्सालले आदिकवि भानुभक्तले नेपाली भाषा र साहित्यको क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गर्नुभयो। भानुजयन्तीका अवसरमा प्रज्ञा-प्रतिठान र भानु प्रतिष्ठानले संयुक्त रुपमा शनिबार बिहान प्रभातफेरिसहित शोभायात्रा गरेको थियो।

भानु नगरपालिका-४ चुँदीरम्घा, तनहुँमा १८७१ असार २९ गते जन्मिनुभएका आचार्यको १९२५ असोज ६ गते निधन भएको थियो। नेपाली साहित्यका प्राथमिक कालका प्रतिनिधि कविका रुपमा परिचित भानुभक्त वाल्मिकी रामायणका अनुवादकका रुपमा प्रख्यात हुनुहुन्छ।

भानुभक्तले 'प्रश्नोत्तर', भक्तमाला, बधुशिक्षालगायतका कृति लेख्नुभएको छ भने उहाँका पाण्डुलिपीलाई सङ्ग्रह गरेर मोतिराम भट्टले पुस्तकाकारमा प्रकाशित गरेपछि उहाँ नेपाली साहित्यमा चिनिनुभएको थियो।रासस

# मुख्यमन्त्री सोडारीलाई राजीनामा दिन आग्रह

सुदूरपश्चिम।सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री दीर्घबहादुर सोडारीले आफ्नो पदबाट राजीनामा दिन नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी(एमाले) र नागरिक उन्मुक्ति पार्टीले संयुक्त रुपमा आग्रह गरेका छन्। ती दलद्वारा शनिबार धनगढीमा आयोजित पत्रकार सम्मेलनमा प्रदेशसभामा मुख्यमन्त्रीलाई राजीनामा गर्न आग्रह गर्नुभयो।

संघमा नयाँ सत्तासमीकरण परिवर्तन भएसँगै एमाले प्रदेशका मुख्यमन्त्री सोडारीलाई दिएको समर्थन यही असार २३ गते फिर्ता लिएको थियो। एमालेले समर्थन फिर्ता लिँदै पार्टीका तर्फबाट सरकारमा सहभागी मन्त्रीलाई फिर्ता बोलाएपछि मुख्यमन्त्री



अल्पमतमा परिसक्नुभएकाले तत्काल पदबाट राजीनामा दिन ती पार्टीका संसदीय दलका नेताले संयुक्त माग गरेका हुन्।

पत्रकार सम्मेलनमा कांग्रेस संसदीय दलका नेता कमलबहादुर शाहले मुख्यमन्त्रीले तत्काल राजीनामा दिँदा नयाँ सरकार गठन र बजेट ल्याउन सहज हुने बताउनुभयो।उहाँले भन्नुभयो, "अल्पमतमा परिसकेपछि मुख्यमन्त्रीले पद ओगटेर बस्नु उचित हुँदैन।" पत्रकार सम्मेलनमा एमाले संसदीय दलका उपनेता सन्तोष थापा शर्मा, नागरिक उन्मुक्ति पार्टीका नेता घनश्याम चौधरीले अल्पमतमा पर्नुभएको हो।एमालेले सरकारबाट बाहिरिएसँगै सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि ल्याएको बजेट पारित हुने वा नहुने भन्नेमा अन्योल देखिएको छ। बजेट माथिको छलफल प्रदेशसभामा अझै सुरु हुन सकेको छैन।

नयाँ गठन हुने सरकारले सोडारी नेतृत्वको सरकारले ल्याएको बजेट पारित नगरेर अध्यादेशमार्फत अर्को बजेट ल्याउने तयारी गरेको कांग्रेसका प्रमुख सचेतक विक्रमसिंह धाँमीले बताउनुभयो।
प्रदेश सरकार गठनका लागि २७ सदस्यको बहुमत आवश्यक हुन्छ।रासस

# एमाले अध्यक्ष ओलीको नेतृत्वमा नयाँ सरकार गठन हुँदै



तकाठमाण्डु।प्रतिनिधिसभाका दुई ठूला राजनीतिक दलको सहकार्यमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओली आइतबार नयाँ प्रधानमन्त्रीका रुपमा मुलुकको कार्यकारी नेतृत्व सम्हाल्दै हुनुहुन्छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रतिनिधिसभाको शुक्रबारको बैठकमा प्रस्तुत गर्नुभएको विश्वासको मतसम्बन्धी प्रस्ताव पारित नभएपछि नयाँ सरकार गठनको प्रक्रिया सुरु भएको हो।

नेपाली कांग्रेस र एमालेबीच यही असार १७ गते भएको सहमतिका आधारमा अध्यक्ष ओली प्रधानमन्त्रीमा नियुक्त हुन लाग्नुभएको हो। राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबार नेपालको संविधानको धारा ७६ (२) बमोजिम प्रतिनिधिसभामा रहेका दुई वा दुईभन्दा बढी दललाई प्रधानमन्त्रीको दाबी पेस गर्न आइतबार अपराह्न ५ बजेसम्मको समय दिनु भएको छ।

राष्ट्रपति कार्यालयबाट नयाँ प्रधानमन्त्री नियुक्तिका निम्ति सूचना जारी भएलगत्तै दुई दलले ओलीलाई उक्त पदमा नियुक्त गर्न दाबी पेस गरिसकेका छन्।

चौथो पटक प्रधानमन्त्री हुन लाग्नुभएका अध्यक्ष ओलीलाई राष्ट्रपति पौडेलले आइतबार नियुक्त गर्नुहुने प्रबल सम्भावना रहेको दुवै दलका दोस्रो तहका केही नेताहरुले बताएका छन्। एमालेका प्रमुख सचेतक महेश वर्तौलाले राष्ट्रपति पौडेलबाट प्रधानमन्त्रीमा अध्यक्ष ओलीलाई नियुक्तिपछि सोमबारभित्रै पद तथा गोपनीयताको शपथ लिने तयारी भएको जानकारी दिनुभयो। पहिलो चरणमा सानो मन्त्रिपरिषद् गठन गर्न कांग्रेस र एमाले गृहकार्यमा जुटेका छन्।

यसअघि अध्यक्ष ओली २०७२, २०७४ र २०७८ सालमा गरी तीन पटक प्रधानमन्त्री भइसक्नुभएको छ।

लोकतन्त्र प्राप्तिको सङ्घर्षमा लाग्नुभएका उहाँले लामो समय निरङ्कुश पञ्चायती शासन व्यवस्थामा कारबास भोग्नुभएको थियो।रासस

# मन्त्री छनोटका लागि मापदण्ड बनाउने कांग्रेस कार्यसम्पादन समितिको निर्णय

काठमाण्डु । नेपाली कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिले नयाँ बन्ने सरकारमा पठाउने मन्त्रीहरू छनोटका लागि मापदण्ड बनाउने निर्णय गरेको छ। पार्टी केन्द्रीय कार्यालय सानेपामा शनिबार सभापति शेरबहादुर देउवाको सभापतित्वमा बसेको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले मन्त्री छनोटका लागि मापदण्ड बनाउने निर्णय गरेको प्रवक्ता डा प्रकाशशरण महतले सञ्चारकर्मीलाई जानकारी दिनुभयो।

भौगोलिक, प्रादेशिक एवं समावेशी सन्तुलन, योग्यता र योगदानलाई आधार मानेर मन्त्री छनोटको मापदण्ड तय गरिने उहाँले बताउनुभयो।

कुन मन्त्रालयको जिम्मेवारी कसलाई दिने भन्ने विषयमा कांग्रेसले गृहकार्य गरिरहेको छ। प्रधानमन्त्रीको शपथग्रहणसँगै मन्त्रीले पनि शपथग्रहण गर्नेगरी तयारी भइरहेको कांग्रेसले जनाएको छ। बैठकले आगामी सरकारमा सहभागी हुने औपचारिक निर्णयसमेत गरेको पार्टी प्रवक्ता डा महतले जानकारी दिनुभयो। यसैगरी शुक्रबार बिहान चितवनमा भएको बस दुर्घटनामा परी बेपत्ता भइरहेकाहरूको छिटो खोजी गर्न पनि बैठकले सरकारसँग माग गरेको छ।



प्रतिनिधिसभाको शुक्रबारको बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विश्वासको मत पाउन नसकेपछि राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको धारा ७६ (२) अनुसार आइतबार बेलुकासम्म प्रधानमन्त्रीको दाबी पेस गर्न आह्वान गर्नुभएको छ। सोहीअनुसार कांग्रेसको साथ लिएर नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले शुक्रबार नै प्रधानमन्त्रीका लागि दाबी पेस गरिसक्नुभएको छ।

**मन्त्री छान्ने जिम्मा अध्यक्ष ठाकुरलाई**
**नेपाल कम्युनिष्ट पार्टी (एमाले) अध्यक्ष केपी शर्मा ओली नेतृत्वमा गठन हुने सरकारमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल सहभागी हुने निर्णय गरेको छ।**

मन्त्री छान्ने जिम्मा अध्यक्ष ठाकुरलाई

नेपाल कम्युनिष्ट पार्टी (एमाले) अध्यक्ष केपी शर्मा ओली नेतृत्वमा गठन हुने सरकारमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल सहभागी हुने निर्णय गरेको छ।

पार्टी कार्यालय बबरमहलमा बसेको संसदीय दलको बैठकले सरकारमा सहभागी हुने मन्त्रीको नाम टुङ्गो लगाउने जिम्मा अध्यक्ष महन्थ ठाकुरलाई दिएको पार्टीका सचेतक रामप्रकाश चौधरीले जानकारी दिनुभयो।

सोही बैठकले बाढीपहिरो र डुबानबाट प्रभावित जनतालाई तत्काल प्रभावकारी राहत उपलब्ध गराउन सरकार र राजनीतिक दललाई आग्रह गरेको छ।

बैठकले पहिराका कारण त्रिशूली नदीमा खसेर बेपत्ता भएको दुईवटा बसको खोजी चुस्त बनाउन सरकारको ध्यानाकर्षणसमेत गराएको उहाँले जानकारी दिनुभयो। रासस

# 'लोकतन्त्रको रक्षार्थ अदालत र प्रेस सँगसँगै'

काठमाण्डु । सूचना-प्रविधिको बदलिँदो स्थितिमा न्यायालय र पत्रकारिता विगतमा झै जनताको लोकतान्त्रिक अधिकारको रक्षार्थ एक ठाउँमा उभिनुपर्नेमा जोड दिइएको छ।

सर्वोच्च अदालत र संवैधानिक तथा न्यायिक पत्रकार मञ्चद्वारा शनिबार आयोजित 'अदालती रिपोर्टिङ र सञ्चारमाध्यम' विषयक अन्तर्क्रिया कार्यक्रममा वक्ताहरुले पत्रकारले न्यायलयप्रति नागरिकका प्रश्न राख्न तथा न्यायालयले विधि र विवेकसम्म रुपमा न्याय दिन सकेमा समाजको विकासमा मद्दत पुग्ने बताउनुभएको हो।

कार्यक्रममा सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश प्रकाशमान सिंह राउतले कलमको निबमा भएको अजेय शक्तिलाई पत्रकारले दुरुपयोग गर्न नहुने र न्यायालयले विकृति, विसङ्गतियुक्त रुपमा आफ्ना गतिविधि गर्नुपर्ने बताउनुभयो।




"मिडियाले देखेको सत्य कुरा निष्कलङ्क रुपमा लेख्नुपर्छ, कसैलाई खुइल्याउने नियतले समाचार लेखेमा वा अदालतको हुर्मत लिने काम भएमा उदार लोकतन्त्रको मूल्य र मान्यता बचाउन सकिँदैन, त्यस्तो अवस्थामा प्रेस स्वतन्त्रताको पनि रक्षा हुन सक्दैन", न्यायाधीश राउतले भन्नुभयो, "प्रेस र न्यायालयबीच सहकार्य बढाउन हामी तयार छौँ, त्यो सहकार्य नियोजित स्वार्थमा आधारित नहोस् भन्ने हाम्रो चाहना हो।"

सर्वोच्च अदालतका न्यायाधीश हरि फुयाँलले संविधानमा सूचनाको हक र प्रेस स्वतन्त्रताको हकको व्यवस्था गरिएकाले त्यसको सही कार्यान्वयनका लागि न्यायालय तथा पत्रकारिताबीचको दोहोरो संवाद आवश्यक रहेको बताउनुभयो।

प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले अदालतको सारथिका रुपमा प्रेस रहेको जनाउँदै प्रेसमाथि कुनै पक्षले हस्तक्षेप गरेमा बचाउन सक्ने थलो नै अदालत भएको स्पष्ट गर्नुभयो।

नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष एवं मञ्चका पूर्वअध्यक्ष शिव गाउँलेले नागरिकका पक्षमा अदालतमाथि प्रश्न गरिरहन सक्ने गरी सत्य र तथ्यपूर्वक पत्रकारिता गर्नुपर्नेमा जोड दिनुभयो।

नेपाल बार एशोसिएशनका महासचिव अञ्जिता खनालले अदालती प्रयोगमा रहेका भाषा र नजिरहरुको अध्ययन गरेर पत्रकारिता गर्दा त्यो सार्थक हुने सुझाव दिनुभयो।

मञ्चका अध्यक्ष कालिका खड्काले अदालत र मञ्चको सहकार्यमा अदालती समाचार सङ्कलनका लागि दिग्दर्शन तयारी भइरहेकाले त्यसमा सुझावका लागि छलफल राखिएको जानकारी दिनुभयो। मञ्चका पूर्वअध्यक्ष यम विरहीले उक्त दिग्दर्शनको मस्यौदामा समेटिने विषयवस्तुबारे प्रस्तुतिकरण गर्नुभएको थियो।रासस

# "नेपाली भाषालाई लोकप्रिय र साझा बनाउन भानुभक्तको महत्वपूर्ण योगदान छ"

गण्डकी । गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले आदिकवि भानुभक्त आचार्यले नेपाली भाषालाई लोकप्रिय र साझा भाषा बनाउन महत्वपूर्ण योगदान रहेको बताउनुभएको छ।

आदिकवि आचार्यको दुई सय ११औँ जन्मजयन्तीका अवसरमा भानु वाङ्मय प्रतिष्ठान र पोखरा प्रज्ञा प्रतिष्ठानद्वारा आज पोखरामा आयोजित कार्यक्रममा उहाँले भानुका कृति सामाज कल्याणका लागि समर्पित, जातीय एकताका प्रतीक र क्रान्तिका मुख्य आधार मान्न रहेको उल्लेख गर्नुभयो। प्रदेश प्रमुख भट्टले आदिकवि भानुभक्तले छरिएर रहेका नेपाली भाषालाई एकीकरण गरेकाले उहाँ सदैव स्मरणीय रहनुभएको बताउनुभयो। "नेपाल राष्ट्रलाई भावनात्मक रूपले एकीकृत गर्न र नेपालीपनको पहिचान गराउन भानुको महत्वपूर्ण योगदान छ। उहाँका सृजनाबाट नेपाली भाषाको उन्नयन, प्रवर्द्धन र मानकीकरण भई नेपाली राष्ट्रियतालाई बलियो पार्नमा सर्वोपरि योगदान पुगेको छ", उहाँले भन्नुभयो, "भानुभक्तले वाल्मीकि रामायणलाई संस्कृतबाट नेपालीमा अनुवाद गरेर धेरै जनस८्यामा पुऱ्याउन सबैभन्दा बढी योगदान गर्नुभएको छ। साथै नेपाल र विश्वभरका नेपालीभाषी क्षेत्रमा हाम्रो भाषा तथा साहित्य फैलाउन महत्वपूर्ण सेतुको काम गरेकाले हामी उहाँलाई सधैँ सम्मान गरिरहन्छौँ।"

आजका दिन साहित्यिक, सांस्कृतिक, शैक्षिक तथा सामुदायिक संस्थाहरूले आदिकवि भानुको सम्झनामा विभिन्न कार्यक्रम गरिरहेको उल्लेख गर्नुहुँदै प्रदेश प्रमुख भट्टले यस्ता उत्सवले युवा पुस्तामा साहित्यिक भोक जगाउन र नेपाली भाषाप्रति सम्मान तथा गौरव बढाउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो। "आजको दिन उहाँलाई विशेष रूपमा सम्झिरहेका छौँ। यसले पक्कै पनि नयाँ पुस्तालाई भाषा, साहित्यमा रुचि बढाउन सघाउ पुग्नेछ। अब आदिकविसँग जोडिएका विभिन्न ठाउँलाई जोडेर साहित्य पर्यटनको माध्यमबाट अगाडि बढ्न सके मुलुकको समृद्धिमा सहयोग पुग्ने मेरो विश्वास छ। त्यसैले आफ्नो मातृभाषाको शक्ति एवम् महत्व जगाउन र आदिकविको विरासतलाई संरक्षण गर्दै अगाडि बढाउन आ-आफ्नो ठाउँबाट दत्तचित्त भएर लाग्नुपर्ने आवश्यकता छ", उहाँको भनाइ थियो।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले नेपाली भाषाको विकासमा भानुभक्तको योगदान अतुलनीय भएको बताउनुभयो। पोखरामा चाँडै नै भानु स्मारक बन्ने विश्वास व्यक्त गर्नुहुँदै उहाँले यस कार्यमा महानगरको सहयोग रहने बताउनुभयो। भानु वाङ्मय प्रतिष्ठानका अध्यक्ष सरुभक्तले भानुभक्तले नेपाली भाषा र सहित्यको विकासमा गर्नुभएको योगदानको चर्चा गर्नुहुँदै पोखराको फूलबारीमा ठूलो प्रयासपछि भानुपार्क निर्माण गरिएको उल्लेख गर्नुभयो।

प्रतिष्ठानका अध्यक्ष सरुभक्तको सभापतित्व एवम् सचिव अम्बिकाप्रसाद भट्टराईले सञ्चालन गर्नुभएको कार्यक्रममा प्राज्ञ हरिदेवी कोइराला, गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्यबहादुर खड्का बिखर्ची, पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पद्मराज ढकाल, पोखरा महानगरपालिका-११ का वडाध्यष प्रेमप्रसाद कर्माचार्य, स्थानीय समाजसेवी निर्मलप्रसाद कर्माचार्यलगायतले भानुको योगदानको प्रशंसा गर्नुभयो।

त्यस अवसरमा पृथ्वीनारायण क्याम्पसमा नेपाली विषयमा सर्वोत्कृष्ट विद्यार्थी रामबहादुर कुमाल र नेपाली विषयमा लामो समय अध्यापन गराउनुभएकी पोखरा महानगरपालिका-२६ स्थित लक्ष्मी माविकी शिक्षिका ईश्वरीकुमारी जिसीलाई नगदसहित सम्मान गरिएको थियो।

यस्तै प्रदेश प्रमुख भट्टले भानु वाङ्मय प्रतिष्ठानको भवन निर्माणका लागि व्यक्तिगत रूपमा नगद रु २० हजारको चेक प्रतिष्ठानका अध्यक्ष साहित्यकार सरुभक्तलाई प्रदान गर्नुभएको थियो। कार्यक्रममा पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पद्मराज ढकालले भानु वाङ्मय प्रतिष्ठानका लागि व्यक्तिगत रुपमा रु एक लाख ११ हजार एक सय ११ अक्षयकोष सहयोग गर्नुभएको थियो। भानु जयन्तीका अवसरमा पोखराको चिप्लेढुङ्गाबाट महेन्द्रपुल हुँदै भानु पार्क फूलबारीसम्म प्रभातफेरी गरिएको थियो। प्रभातफेरीमा तीनवटै सुरक्षा निकाय, साहित्यप्रेमीलगायतको उपस्थिति थियो।रासस

# योजनाबद्ध नरसंहारको आरोप

एएनआई

तेलअवीव ।शुक्रबार गाजा सहरमा भएको हिंसात्मक घटनामा ७० भन्दाबढी प्यालेस्टिनी मारिएका थिए, हमासका एक अधिकारीले इजरायली अधिकारीलाई “योजनाबद्ध नरसंहार” गरेको आरोप लगाएको अल जजिराले रिपोर्ट गरेको छ।

हमास सरकारी मिडिया अफिसका महानिर्देशक इस्माइल अल-थावाब्ताले इजरायली सेनाले पूर्वीगाजा शहरमा हजारौं प्यालेस्टिनीलाई पश्चिमी र दक्षिणी छिमेकमा सर्न निर्देशन दिएको र उनीहरू आइपुगेपछि गोली चलाएको दावी गर्नुभयो।

अल-थावाब्ताकाले उद्धार टोलीले ताल अल-हवा क्षेत्रबाट ७० शव उद्धार गरेको र कम्तिमा ५० जना बेपत्ता भएको खुलासा गर्नुभयो। केही विस्थापित मानिसले सेतो झण्डा बोकेका इजरायली सेनालाई औंल्याउदै लडाकु नभई विस्थापित भएको जिकिर गर्दा गर्दै पनि इजरायली कब्जा सेनाले यी विस्थापित मानिसलाई मृत्युदण्ड दिएको अल-थावाब्ताले उल्लेख गर्नुभयो।

उहाँका अनुसार इजरायली सेनाले ताल अल-हावामा त्यो नरसम्हार गर्ने योजना बनाइरहेको थियो।उहाँले प्यालेस्टिनी विरुद्धको “उन्मूलनको युद्ध” अन्त्य गर्न इजरायललाई दबाब दिन अन्तर्राष्ट्रिय समुदायलाई आह्वान गर्नुभयो । संयुक्त राष्ट्रसङ्घका



प्रवक्ता स्टेफन डुजारिकले गाजा सहरमा भएको घटनाको निन्दा गर्दै यसलाई चलिरहेको द्वन्द्वमा नागरिकको मृत्युको अर्को दुःखद् उदाहरण भन्नुभएको छ।

यो घटनाले विनाशकारी घटनाको श्रृ लामा थप जोड दिने उल्लेख गर्दै यसले गाजामा विस्थापन निम्त्याएको जिकिर गर्नुभयो ।रिपोर्टका अनुसार यस घटनामा ज्यान गुमाउनेको सङ्ख्या ७० भन्दा बढी पुगेको छ भने अन्य धेरै घाइते भएका छन् । संयुक्त राष्ट्रसङ्घले तत्काल मानवीय युद्धबिराम र द्वन्द्वको समयमा लिइएका सबै बन्धकको बिना शर्त रिहाइको आह्वानलाई दोहोर्याएको छ।

द्वन्द्व चलिरहेको बेला, मानिसलाई चाहिने चिकित्सा सहायता, खाना, आश्रय अत्यावश्यक रहेको तर उनीहरूलाई चाहिने अनिवार्य सामग्री पनि असम्भव भएको डुजारिकले जनाउनुभयो । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसका प्रवक्ताले गाजामा द्वन्द्व समाप्त भएपछि जवाफदेहिताको आवश्यकता हुने बताउनुभयो। तर अहिले मानिस भोकै रहेकोमा खाना पानी चिकित्सा सहायतालगायतका सामग्री लडाइँ क्षेत्रमा पर्याउने प्रयास गरिरहेको उल्लेख गर्नुभयो।

उहाँका अनुसार अक्टोबरमा गाजामाथि इजरायलको युद्ध सुरु भएदेखि वेस्ट बैंकमा पनि हिंसामा वृद्धि भएको छ।

प्यालेस्टिनी अधिकारीका अनुसार वेस्ट बैंकमा इजरायली सेना र स्थानीयद्वारा कम्तीमा पाँच सय ५३ प्यालेस्टिनी मारिएका छन् भने नौ हजार पाँच सय १० जनालाई हिरासतमा लगिएको छ।

इजरायलको कब्जामा रहेको वेस्ट बैंकमा करिब ३० लाख प्यालेस्टिनी बस्छन्, जहाँ पाँच लाख भन्दा बढी इजरायली एक सयभन्दा बढी बस्तीहरूमा बस्छन्।

# यौन दुर्व्यवहार काण्डपछि सुस्ताएका भारतीय रेस्लरहरू ओलिम्पिक्सका लागि जुर्मुराउँदै

बीबीसी


काठमाण्डु ।यौन दुर्व्यवहारको आरोपविरुद्ध भएको प्रदर्शनले भारतको रेस्लिङमा हलचल पैदा गरेको एक वर्षपछि भारतीय महिला रेस्लरहरू सन् २०२४ को प्यारिस ओलिम्पिक्ससहितका प्रमुख खेलकुद प्रतियोगिताको तयारीमा जुटेका छन्। बीबीसीले युवा रेस्लरहरूसँग उनीहरूको यात्राबारे कुराकानी गरेको छ।

यो वर्ष हुन लागेको ओलिम्पिक्समा छानिएका पाँच भारतीय महिलामध्येकी एक २३ वर्षकी रीतिका पनि हुन्।

यो निकै कठिन परिश्रमपछि हात लागेको अवसर हो। एक वर्षसम्म भारतीय रेस्लिङमा देखिएको समस्याले उनको आत्मविश्वास निकै खस्किएको थियो।उनलाई यो पनि थाहा थियो कि आफ्नो खेलमा सुधारका लागि अझै तालिम र प्रतिस्पर्धाहरूको आवश्यकता छाएक वर्षअघि भारतीय रेस्लिङ महासङ्घका प्रमुख वृजभूषण सिंहमाथि यौन दुराचारको आरोप लागेपछि भारतका सबै रेस्लिङ प्रतियोगिताहरू रोकिए। उनले आफूमाथि लागेका आरोपहरू अस्वीकार गर्दै आएका छन्। भारतको खेलकुद मन्त्रालयले सिंहलाई बर्खास्त गरेन तर यौन दुर्व्यवहारसम्बन्धी कानुन पालना नगरेकोलगायतका कैयौं कमजोरी भेटिएपछि महासङ्घलाई नै विघटन गरिदियो।

यो अभूतपूर्व समय थियो। हुड्डा आफूले समेत प्रेरणाको स्रोत मान्ने ओलिम्पिक्स पदक विजेता भारतकी सबैभन्दा सफल रेस्लर साक्षी मलिकसहितका रेस्लरहरू दिल्लीको सडकमा बसेर सिंहको राजीनामा माग गरेको स्मरण गर्छिन्।भारतको नयाँ संसद् भवनतर्फ अघि बढेका रेस्लरहरूलाई पक्राउ गरिएपछि यो प्रदर्शन विश्वव्यापी समाचार बन्यो। अन्तर्राष्ट्रिय ओलिम्पिक्स समिति (आईओसी)ले रेस्लरहरूमाथि गरिएको व्यवहारको भर्त्सना गर्दै उनीहरूका मागबारे निष्पक्ष छानबिनका लागि आह्वान गर्‍यो।

“त्यो क्षण भइरहेका घटनाक्रमका कारण मात्रै हैन, हुनुपर्ने कुरा नभएका कारण पनि



निकै दुखद थियो,” हुड्डा भन्छिन्।हरेक वर्ष अन्तर्राष्ट्रिय ओलिम्पिक्स समितिले निश्चित प्रतियोगिताहरूलाई ओलिम्पिक्समा छनौटको मापदण्डको रूपमा मान्यता दिने गरेको छात्यसमा प्रतिस्पर्धाका लागि रेस्लरहरूले वरीयतामा निश्चित अङ्क ल्याउनुपर्छ, राष्ट्रिय प्रतियोगिताहरू जित्नुपर्छ र भारतको रेस्लिङ महासङ्घको स्वीकृति सुनिश्चित गर्नुपर्छ।

तर प्रतिस्पर्धा गर्नुपर्ने समयमा हप्तौंसम्म पात्रोमा खेलकुदका प्रतियोगिता नदेख्दा हुड्डा निराश हुन्थिन्।“हामीले तालिम त छोडेनौं तर त्यहाँ स्तरीय ट्रेल नभएका कारण हामीले प्रतिस्पर्धा गर्न र आफ्नो कमजोरी थाहा पाउन सक्दैनथ्यौं। हामी ओलिम्पिक्सका लागि तयारी गर्न पाउँदैनौं कि भन्ने डर लागिरह्यो,” उनले भनिन्। व्यक्तिगत प्रतिस्पर्धामा २४ वटा मात्रै पदक जितेको र त्यसको पनि एक चौथाइ रेस्लिङमा पदक ल्याएको देशका लागि यो अवस्था निकै चिन्ताजनक थियो। प्रदर्शन सुरु भएको करिब एक वर्षै पुग्न लाग्दा मात्रै सन् २०२३ को डिसेम्बरमा भारतीय रेस्लिङ महासङ्घको नयाँ चुनाव भयो।

रेस्लरहरूले भारतका खेलकुदमन्त्रीलाई सिंहसँग जोडिएका व्यक्तिहरूलाई निर्वाचनमा भाग लिनबाट रोक्न आग्रह गरेका थिए।नियमअनुसार पाउने अधिकतम तीन कार्यकाल बिताइसकेका कारण सिंह चुनाव उठेनन्। तर उनका निकट सहयोगी सञ्जय सिंहले फराकिलो मतान्तरले प्रमुखमा चुनाव जिते।यसले महिला रेस्लरहरूलाई आक्रोशित बनायो। त्यसमा विरोध जनाउँदै ओलिम्पिक पदक विजेता मलिकले त्यही दिन खेलकुद छोडेको घोषणा गरिन्।

“त्यो क्षण सम्झँदा अहिले पनि म भावुक हुन्छु,” मलिक भन्छिन्। “रेस्लिङले मलाई यो उचाइमा ल्याइपुर्‍यायो।

मलाई माया र सम्मान दियो तर मैले त्यसलाई छोड्नपर्‍यो। ”युवा रेस्लरहरू मलिकको निर्णयबाट स्तब्ध भए तर केही समयपछि नै उनीहरू रेस्लिङको ‘ म्याट’मा फर्किए।“मैले रेस्लिङ रोज्नुको कारण साक्षी मलिक हुन्,” हरियाणा राज्यकी २० वर्षकी रेस्लर तनु मलिकले भनिन्। “त्यसकारण उनी रोइरहेको देख्दा मैले आफैँलाई सम्झाएँ र भने उनले हाम्रा लागि लडिन् हामीले अब यसलाई छाड्नु हुँदैन।”त्यसै दिनबाट तनु मलिकले अझै बढी मेहनत गर्ने निर्णय गरिन्।राज्यको महिलाले मात्रै तालिम गर्ने युद्धवीर रेस्लिङ अक्याडमीमा उनको तालिम बिहान ४:३० बजे सुरु हुन्छ।

उनको दिन पाँच घण्टा लामो फिटनेस सेशनबाट सुरु हुन्छ। सबैरै उनले ठूला ट्रकका टायरहरू उचाल्छिन् र रेस्लिङका तरिकाहरू सिक्छिन्। खाना र आरामपछि अपराह्नमा पनि उनले पाँच घण्टा तालिम गर्छिन्।रेस्लिङको म्याटमा पसिना बगाउने कोही बालिकाहरू १२ वर्षजति उमेरका छन्। उनीहरूले फुर्सदको समयमा पनि शरीरलाई तन्दुरुस्त राख्ने खानेकुराहरूबारे कुरा गर्छन्।रेस्लिङ महासङ्घका पूर्व प्रमुखमाथि लागेको दुर्व्यवहारको आरोपबारे कोही पनि कुरा गर्न चाहँदैनन्। तर उनीहरू हार मान्ने पक्षमा छैनन्।रेस्लिङकी एक जना प्रशिक्षक सीमा खर्ब खेलाडीहरूको विरोध प्रदर्शनका बावजुद पनि यो संस्थामा महिलाहरूको सङ्ख्या कम नभएको बताउँछिन्।

“प्रदर्शनले युवा रेस्लरहरूमा आवाज उठाउन सम्भव छ र सकारात्मक कदम चालिन सक्छन् र उनीहरूले प्रणालीबाट सहयोग पाउँछन् भन्ने सन्देश दिएको छ,” उनले भनिन्।सन् २०२३ को जुनमा प्रहरीले वृजभूषण सिंहमाथि पिछा गरेको, दुर्व्यवहार गरेको, धम्की दिएको र “यौनिक आशय झल्किने अभिव्यक्ति” दिएको आरोपमा मुद्दा चलाएको थियो। तर अदालतले उनलाई धरौटीमा रिहा गर्‍यो।त्यही समयमा महासङ्घका नयाँ अध्यक्ष सञ्जय सिंहले कार्यभार सम्हाले। उनले महासङ्घका पूर्वअध्यक्षसँग आफ्नो ३० वर्षदेखिको सम्बन्ध रहेको सुनाउँदै उनीमाथि लागेका आरोपहरू सही नभएको जिकिर गरे।उनले आफूलाई रेस्लरहरूले नयाँ प्रमुखको रूपमा स्वीकार गरिसकेको बताउँदै यो वर्ष राष्ट्रिय रेस्लिङ प्रतिस्पर्धामा भएको सहभागिताले त्यसलाई पुष्टि गरेको बताए।

“कसैलाई पनि काखापाखा गरिने छैन र प्रत्येक रेस्लरहरू मेरा लागि प्रिय छन्। म आफैँ पनि दुई जना छोरीहरूको बुवा भएकाले म छोरीहरू के चाहन्छन् भन्ने बुझ्छु,” उनले भने।यद्यपि तनु मलिकजस्ता युवतीहरूका लागि यो पेसामा सधैँ डर लागिरहन्छ“यो सहज छैन - मेरा बुवाआमा म तालिममा एक्लै जाँदा सधैँ पिर लिनुहुन्छ,” उनी भन्छिन्। “तर उनीहरूले हामीलाई विश्वास गर्नुपर्छ। नभए कसरी चल्छ? यो भनेको लडाइँ नगरी हार स्वीकार गर्नुजस्तै हो।”अन्य कतिपयले आफूहरू हतोत्साहित भएको र प्रदर्शनको मूल्य चुकाउनु परिरहेको बताएका छन्।

एशियाली च्याम्पिअन्शिपमा स्वर्णपदक विजेता शिक्षा खर्बले प्रदर्शनका कारण तालिम अवरुद्ध भएको र परिणामस्वरूप युवा रेस्लरहरूको एक वर्षको समय खेर गएको बताइन्।तर साक्षी मलिकलाई भने यसमा पश्चात्ताप छैन।“सबैभन्दा महत्वपूर्ण कुरा लड्नु हो,” उनले भनिन्।

“मलाई के लाग्छ भने कुनै पनि खेलकुद महासङ्घको कुनै व्यक्तिले अब यस्ता काम गर्ने आँट गर्दैनन्।”हुड्डा विश्वका प्रतिष्ठित रेस्लरहरूसँग प्रतिस्पर्धा गर्नेबारे आफू हतास भएको बताउँछिन्। तर आफूलाई उनले त्यसका लागि तयार गरिरहेकी छन्।

“साक्षी मलिकले ‘जित वा हार ठूलो कुरा होइन, कडा मेहनतमा विश्वास गर्नुपर्छ’ भनेकी छन्। म पनि त्यही गर्छु,” शिक्षा खर्बले थपिन्।उनी तालिमका लागि तयार हुँदै गर्दा साक्षीले ओलिम्पिक्स पदक लिइसकेको तस्बिर उनका अगाडि मुस्कुराइरहेको हुन्छ। “अहिले मेरो एउटै ध्यान भनेको पदक जित्ने हो,” उनी भन्छिन्। “कसलाई थाहा छ र कुनै दिन मेरो तस्बिर पनि उनको पछाडि राखिन्छ कि?”

# जासुसीको आरोप ‘फिर्ता लिन’ अष्ट्रेलियाका प्रधानमन्त्रीको आग्रह

एएफपी

सिड्नी ।अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बनिजले शनिबार मस्कोका लागि जासुसीको आरोपमा ब्रिस्बेनस्थित दम्पतीको गिरफ्तारीमा रुसी आलोचनालाई अस्वीकार गर्दै क्रेमलिनलाई फिर्ता लिन आग्रह गर्नुभएको छ।

मस्कोलाई विश्वभरि जासुसी मा सङ्लग्न भएको आरोप लगाउँदै अल्बनिजले रुससँग कुनै विश्वसनीयता नभएको बताउनुभयो। उहाँले ब्रिस्बेनमा एक कार्यक्रममा बोल्दै रुसले सन्देश प्राप्त गर्न सक्छः पछाडि हट्नु होस भन्नुभयो।



अस्ट्रेलियाली प्रहरीले शुक्रबार ४० वर्षीया महिला र उहाँका-६२ वर्षीय पतिलाई रूसी पासपोर्ट वहाक-जासुसी अपराधको तयारी गरेको आरोप लगाएको भन्दै रूसी दूतावासले गरेको आलोचनाको जवाफ दिँदै अल्बनिजले यस्तो प्रतिक्रिया दिनुभएको हो। सामाजिक सञ्जाल एक्सको पोस्टमा, क्यानबेरामा रहेको रूसी दूतावासले गिरफ्तारी र मिडिया कभरेज “अस्ट्रेलियामा रूसी विरोधी पागलपनको अर्को लहर सुरु गर्ने उद्देश्यले” भएको जनाएको छ।

दूतावासले स्थितिमा अष्ट्रेलियाली अधिकारीबाट आधिकारिक लिखित जानकारी अनुरोध गरेको जनाएको छ।बिहीबार ब्रिस्बेनमा आफ्नै घरमा पक्राउ परेका दम्पतीलाई अष्ट्रेलियाली सेनाबाट राष्ट्रिय सुरक्षासम्बन्धी सामग्री प्राप्त गरेको आरोप लगाइएको छ। दोषी ठहरिएमा उनीहरूले १५ वर्षसम्म जेल सजाय भोग्नुपर्ने हुन्छ।अभियुक्त महिला अस्ट्रेलियन डिफेन्स फोर्समा निजी र त्यहाँ धेरै वर्षदेखि सूचना प्रणाली टेक्निसियनको रूपमा काम गरिरहेको अस्ट्रेलियाली प्रहरीले जनाएको छ।

उहाँले कथित रूपमा सेनाबाट लामो अवधिको बिदाको समयमा रुसको गैर-घोषित यात्रा गर्नुभएको थियो । रुसमा हुँदा, उहाँले आफ्ना पति, (एक स्व-रोजगार मजदुर)लाई अष्ट्रेलियामा आफ्नो आधिकारिक खातामा कसरी लग इन गर्ने भनेर बताएको उल्लेख छ । उहाँका पतिले अनुरोध गरिएको सामग्रीमा रुसमा आफ्नी श्रीमतीलाई पठाउने गरेको प्रहरीले आरोप लगाएको छ।

प्रहरीका अनुसार अभियुक्त महिला र उहाँका पतिले क्रमश : २०१६ र २०२० मा अष्ट्रेलियाको नागरिकता प्राप्त गरेका थिए ।दम्पती शुक्रबार ब्रिस्बेनको मजिस्ट्रेट अदालतमा छुट्टै उपस्थित भए । दुवैलाई सेप्टेम्बर-२० मा अर्को सुनुवाइका लागि हिरासतमा राखिने छ ।अल्बनिजले युक्रेनमा चलिरहेको द्वन्द्वका लागि क्रेमलिनको पनि आलोचना गर्नुभएको छ।

तपाईं युक्रेनबाट बाहिर निस्केर तपाईं संलग्न भएको अवैध र अनैतिक युद्धलाई कसरी रोक्नु हुन्छ भन्ने प्रश्नसहितको सन्देश रुसलाई छ । अस्ट्रेलियाका प्रधानमन्त्रीले रुसलाई अन्य सार्वभौम राष्ट्रको आन्तरिक मामिलामा हस्तक्षेप गर्न बन्द गर्न पनि आह्वान गर्नुभयो । अल्बनिजले रुसलाई अन्तर्राष्ट्रिय कानुनप्रति कुनै सम्मान नभएको देशको संज्ञा दिँदै उनीहरूलाई तिरस्कारका साथ लिनुपर्ने र आफुले त्यसै गर्ने गरेको उल्लेख गर्नुभएको छ।

# डब्ल्यूएचओद्वारा मलावीलाई मेडिकल आपूर्ति सहयोग

सिन्ह्वा

लिलोङ्ग्वे । विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) ले मलावी सरकारलाई देशका सार्वजनिक अस्पताललाई सहयोग गर्न ९० लाख अमेरिकी डलर बराबरको औषधिलगायत विभिन्न चिकित्सा सामग्री सहयोग गरेको छ।

शुक्रबार लिलोङ्ग्वेमा सहयोग हस्तान्तरण गर्दै मलावीका लागि डब्ल्यूएचओका प्रतिनिधि नीमा किम्बोले मलावीका सार्वजनिक अस्पताल राम्रोसँग व्यवस्थापन भएको र त्यहाँका नागरिकले स्वास्थ्य सेवामा अझ राम्रो पहुँच पाएको हेर्ने डब्ल्यूएचओको चाहना रहेको बताउनुभयो । किमाम्बोले मलावीको स्वास्थ्य प्रणालीको आवश्यकता पूरा गर्न विभिन्न स्रोत



उपलब्ध गराएर डब्ल्यूएचओले मलावी सरकारलाई सहयोगलाई जारी राख्नेछ।

मलावीका स्वास्थ्य मन्त्री खुम्बिजे कान्दोडो चिपोन्डाले उक्त सहयोगको प्रशंसा गर्दै देशका सार्वजनिक अस्पतालहरूमा स्वास्थ्य सामग्रीको अभावलाई सम्बोधन गर्न सहयोग पुग्ने बताउनुभयो । डब्ल्यूएचओले सन् २०२२ देखि देशको कोभिड-१९ आपतकालीन प्रतिक्रिया र स्वास्थ्य प्रणाली तयारी परियोजनामार्फत मलावीको सरकारलाई अत्यावश्यक औषधि र चिकित्सा आपूर्तिहरू उपलब्ध गराउँदै आएको छ।


# अफगानी निर्वासन रोक्न पाकिस्तानलाई मलालाको आग्रह

एएफपी

लन्डन । नोबेल पुरस्कार विजेता मलाला युसुफजाईले विशेष गरी महिला र बालिकाहरुको अन्धकार भविष्यप्रति चिन्ता व्यक्त गर्दै पाकिस्तानलाई कागजातविहीन अफगानीहरूको निर्वासन रोक्न आग्रह गर्नुभएको छ।

“पाकिस्तानले त्यहाँ रहेका अफगानी शरणार्थीहरूलाई फिर्ता जान बाध्य गरिरहेको छ भन्ने कुरा गहिरो चिन्ताको विषय हो । म विशेषत महिला र बालिकाहरूको बारेमा चिन्तित छु”, सन् २०१४ मा नोबेल शान्ति पुरस्कारबाट पुरस्कृत मलालाले शुक्रबार बताउनुभयो।

इस्लामाबादले यस हप्ता अवैध आप्रवासीहरूलाई हटाउने बताएको हो ।गत वर्ष इस्लामाबादले कागजातविहीन आप्रवासीहरूलाई तुरुन्तै पाकिस्तान छोड्न वा गिरफ्तारीको सामना गर्न आदेश दिएपछि ६ लाख भन्दा बढी अफगानहरू पाकिस्तानबाट भागेका थिए । पाकिस्तानबाट अफगानिस्तानमा फिर्ता पठाइएका केहीले तालिबानद्वारा उत्पीडनको सामना गर्नुपरेको मानव अधिकार



पर्यवेक्षकहरूले चेतावनी दिएका छन्।

सन् २०२१ मा सत्ता नियन्त्रणमा लिएको तालिबानले इस्लामको कठोर रूप लागू गरेका छन्, बालिकाहरूलाई उच्च शिक्षाबाट प्रतिबन्ध लगाइएको छ र महिलहरूको सार्वजनिक जीवनमा प्रतिबन्ध लगाइएको छ ।“पाकिस्तानमा बालिकाहरुले पढ्ने मौका पाइरहेका थिए, महिलाहरु रोजगारमा संलग्न हुदै थिए”, २७ वर्षीया मलालाले भन्नुभयो । “मलाई आशा छ कि अफगानस्तानमा महिलालाई हुनसक्ने उत्पीडनलाई मध्यनजर गर्दै पाकिस्तानले आफ्नो नीतिलाई परिवर्तन गर्नेछ”, उहाँले बताउनुभयो।

# चीनद्वारा बालबालिका लक्ष्यित हानिकारक’ सामग्रीमाथि अनलाइन कारबाही सुरु

एएफपी

बेइजिङ। चिनले शनिबार बालबालिकाका लागि हानिकारक मानिने सामग्री ,भिडियो एप र सामाजिक सञ्जाल प्लेटफर्मलाई लक्षित गर्दै आफ्नो कडा नियन्त्रित इन्टरनेटमा नयाँ कारबाहीको घोषणा गरेको छ।

सत्तारूढ कम्युनिस्ट पार्टीले घरेलु वेबलाई कडाइका साथ नियमन गरी अश्लील, तथा राजनीतिक रूपमा विध्वंसक मानिने सामग्रीलाई सेन्सर गर्ने भएको छ। यसले समय-समयमा अनलाइन प्रभावकर्ता देखि गेमिङ र सपिङ प्लेटफर्मसम्मका विशिष्ट क्षेत्रहरूमा कडाई गरेको छ ।शनिबार एक विज्ञप्तिमा, देशको इन्टरनेट वाचडगले इन्टरनेटमा नाबालिगको सुरक्षालाई प्रभावकारी रूपमा सुदृढ पार्न र स्वस्थ, सुरक्षित अनलाइन वातावरण सिर्जना गर्न दुई महिनाको “क्लियर एन्ड ब्राइट“ अभियान सुरु गरिरहेको बताएको छ।

यस कदमले छोटो-भिडियो र लाइभ स्ट्रिमिङ प्लेटफर्महरू, सामाजिक मिडिया साइटहरू, अनलाइन सपिङ प्लेटफर्महरू,



एप स्टोरहरू, बच्चाहरूका लागि स्मार्ट उपकरणहरू र नाबालिगहरूका लागि अनलाइन नियन्त्रणसँग सम्बन्धित “प्रमुख समस्याहरू समाधान गर्ने चीनको साइबरस्पेस प्रशासनले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।यसले विद्यालय बदमाशीलाई प्रोत्सान गर्ने भिडियोहरू प्रसारण गर्ने, क्लासिक बच्चाहरूको कार्टुन र गीतहरूमा “हिंसात्मक र घृणित“ सामग्री थप्ने, र कम उमेरका “इन्टरनेट सेलिब्रेटी बच्चाहरू“ बाट नाफा कमाउने जस्ता विविध व्यवहारलाई लक्षित गर्दछ।

यसले ई-कमर्स प्लेटफर्मबाट अश्लील र यौन सूचक उत्पादनहरू उन्मूलन गर्ने लक्ष्य सहित बच्चाहरूलाई “हानिकारक मित्रता“ मार्फत दुर्भावनापूर्ण रूपमा बनाइएको अनलाइन शब्दजाल र अश्लील तर्फ आकर्षित गर्ने जानकारी पनि दिन्छ ।नाबालिगहरूका लागि विशेष समस्याको नयाँ अभिव्यक्तिमा नजिकबाट ध्यान दिई संयुक्त रूपमा राम्रो अनलाइन इकोलोजीलाई समर्थन गर्नुपर्ने विज्ञप्तिमा भनिएको छ ।चिनियाँ बालबालिकाहरूले गर्मीको स्कुलको छुट्टी सुरु गर्दा र हालैका वर्षहरूमा यस्तै थुप्रै अभियानहरू पछ्याउँदा पछिल्लो अभियान आएको हो।

सेन्सरहरूले अप्रिलमा अर्को “क्लियर एन्ड ब्राइट“ अभियान सुरु गरेपछि धेरै प्रसिद्ध प्रभावकर्तालाई अवरुद्ध गरेका छन् जसले आकर्षक व्यक्तित्वहरूले जानाजानी पैसाले भरिएको असाधारण जीवनशैली प्रदर्शन गर्दछ ।सरकारले १८ वर्ष मुनिका बालबालिकाहरूले अनलाइन गेम खेल्ने समय पनि गम्भीर रूपमा कटौती गरेको छ । पहिले ई-कमर्स प्लेटफर्महरूमा आफूले अवांछनीय ठानेका उत्पादनबाट बेच्ने प्रशिक्षण दिएको छ, जस्तै सफ्टवेयर जसले आधिकारिक इन्टरनेट नियन्त्रणहरू स्कार्ट गर्दछ।

# इजरायली कब्जा बारे राय दिन आदेश

सिन्ह्वा

द हेग ।अन्तर्राष्ट्रिय न्याय अदालत (आईसीजे) ले प्यालेस्टिनी क्षेत्रहरूमा इजरायलको कब्जाको कानुनी परिणामको बारेमा जुलाई-१९ मा सल्लाहकार राय दिने घोषणा गरेको छ।

हेगस्थित आईसीजेको सिट पिस प्यालेसमा जुलाई -१९मा सार्वजनिक सत्र हुनेछ, जहाँ अदालतका अध्यक्ष न्यायाधीश नवाफ सलामले सल्लाहकार राय पेस गर्नु हुने छ।

फेब्रअरीमा आइसीजेमा सार्वजनिक सुनुवाइका क्रममा प्यालेस्टाइन, ४९ संयुक्त राष्ट्रका सदस्य राष्ट्रहरू लगायत तीनवटा अन्तर्राष्ट्रिय संस्थाहरूले मौखिक बयानहरू प्रस्तुत गरेका थिए । सुनुवाइमा, प्यालेस्टाइनी संयुक्त राष्ट्रका दूत रियाद मन्सुरले आईसीजेलाई प्यालेस्टिनी क्षेत्रहरूमा इजरायलको कब्जालाई अवैध घोषणा गर्न आग्रह गर्नु भएको थियो।

फैसलाले कब्जाको तत्काल अन्त्ये, न्यायपूर्ण र स्थायी शान्ति“ को स्थापनाको लागि मार्ग प्रशस्त गर्ने कुरामा जोड दिएको छ।

# डिजिटल ठमेल निर्माणलाई अगाडि बढाइने



काठमाण्डु । मुलुकको सङ्घीय राजधानी काठमाडौँको प्रमुख पर्यटकीय गन्तव्य ठमेललाई ‘ डिजिटल ठमेल’का रुपमा अगाडि बढाइने भएको छ ।

ठमेल पर्यटन विकास परिषद्को यही असार ३१ गते हुन लागेको निर्वाचनको पूर्वसन्ध्यामा अध्यक्षका प्रत्यासी भविश्वर शर्मा समूहको ‘उम्मेदवार परिचयात्मक’ कार्यक्रममा अध्यक्षका उम्मेदवार शर्माले ठमेललाई डिजिटल रुपमा अगाडि बढाउन आफूले अध्यक्षमा उम्मेदवारी दिएको बताउनुभयो ।“हामीले स्थानीय सरकारसँगको सहकार्यमा ठमेलभित्रका देखिएका समस्या समाधान गरे पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा परिचित ठमेललाई प्रविधिको विकाससँग जोड्न नसकेकाले डिजिटल ठमेललाई प्राथमिकतामा राखेका छौँ”, उहाँले भन्नुभयो ।

अध्यक्ष शर्माले आफू निर्वाचित भएर डिजिटल ठमेललाई पहिलो प्राथमिकतामा राखी पर्यटन विकास परिषद्को आफ्नो वेबसाइटमार्फत सम्पूर्ण व्यवसायी तथा घरधनीको तथ्याङ्क सङ्कलन गरी स्वदेशी तथा विदेशी पर्यटकले आफूलाई चाहिने जानकारी सहजै प्राप्त गर्नसक्ने बनाउन लागिएको बताउनुभयो । ठमेललाई विशेष पर्यटकीय क्षेत्र घोषणा गरिने, शान्ति सुरक्षालाई व्यवस्थापन गरिने, ट्राफिक तथा फोहर व्यवस्थापन, तार तथा सडकबत्ती व्यवस्थापन, घरबेटी र व्यवसायीबीच सुमधुर सम्बन्ध राखिने उहाँले बताउनुभयो ।

अध्यक्षका अर्का उम्मेदवार ध्रुव अधिकारीले विगत कार्यसमितिले अगाडि सारेका सकारात्मक योजनालाई पूरा गर्न आफूले उम्मेदवारी दिन लागेको बताउनुभयो । उहाँले व्यवस्थित ठमेल निर्माणका लागि यहाँभित्रका घरबेटी र व्यवसायीबीच सहकार्य गरेर अगाडि बढ्ने उल्लेख गर्नुभयो । सफा, सुन्दर र सुरक्षित ठमेल आफ्नो सङ्कल्प भएको अधिकारीले बताउनुभयो ।उक्त निर्वाचनमा दुवै समूहबाट उपाध्यक्ष पदका लागि सहदेव (विमल) धमला, राजीव पाण्डे, चेतनाथ पुडासैनी र श्रीकृष्ण थपलिया, महासचिवमा बद्रीप्रसाद तिमल्सिना र सोजेशमान मालाकारले उम्मेदवारी दिनुभएको छ । सचिवमा पुण्यराम लागेजु र दिलीप (मिलन) कँडेल, कोषाध्यक्षमा प्रकाश थपलियाको उम्मेदवारी परेको छ ।

सदस्यमा कोपिला सिंखडा, रोशन अधिकारी, कुमार नेपाली, पूर्णप्रसाद चौलागाईं, विनोद श्रेष्ठ, अमृत थोकर (लामा), सानुकाजी महर्जन, रमेश विश्वकर्मा, रञ्जयमान प्रधान, नवीन तामाङ, सुदर्शन खनाल, जनकसिंह तामाङ, बद्रीप्रसाद अर्याल र लालबाबु चौधरीको उम्मेदवारी परेको निर्वाचन अधिकृत उमादेवी प्रसाईंले जानकारी दिनुभयो ।परिषद्को २९औँ साधारणसभा तथा निर्वाचनका लागि एक हजार एक सय ९३ जनाले मताधिकार प्रयोग गर्न पाउनेछन् ।रासस

## तनहुँ जलविद्युत् आयोजना :

# प्रसारण लाइन निर्माण प्रभावित




दमौली । एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाअन्तर्गत प्याकेज-३ को काम प्रभावित भएको छ । प्याकेज-३ अन्तर्गत प्रसारण लाइन निर्माणको काम वन क्षेत्रका कारण प्रभावित भएको हो ।

वन क्षेत्रको जग्गा प्रयोग र त्यहाँ रहेका रुखबिरुवा हटाउन स्वीकृति नपाउँदा प्रसारण लाइन निर्माण कार्य प्रभावित भएको आयोजनाका निमित्त प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो । प्रसारण लाइन निर्माणका लागि रुख कटान गर्न सरकारका तर्फबाट स्वीकृति प्राप्त भइसके पनि स्थानीयस्तरमा सहमति नहुँदा प्रसारण लाइन निर्माणको काम प्रभावित भएको उहाँको भनाइ छ । तनहुँतर्फको भागमा समस्या नरहे पनि चितवनतर्फ समस्या रहेकाले समस्या समाधान गर्नेतर्फ आयोजना लागिरहेको भण्डारीले बताउनुभयो ।

प्रसारण लाइन निर्माणको काम हालसम्म ७३ दशमलव पाँच प्रतिशत सकिएको छ । प्रसारण लाइनमा पर्ने ९४ टावरमध्ये हालसम्म ७७ टावरको जग हाल्ने र ६९ टावर जडान कार्य सम्पन्न भइसकेको छ । तीन टावरको जग हाल्ने कार्य जारी रहेको बताउँदै भण्डारीले २० वटा टावरको जग संरक्षण कार्य सम्पन्न भएको जानकारी दिनुभयो । उहाँका अनुसार दुई स्थानमा जग संरक्षणको काम भइरहेको छ ।

केइसी इन्टरनेसनल, भारतले दमौलीबाट चितवनको भरतपुरसम्म २२० केभीको ३६ किलोमिटर डबल सर्किट प्रसारण लाइन निर्माण कार्य गरिरहेको छ । प्रसारण लाइन निर्माणको काम सन् २०२२ मेसम्म सम्पन्न गर्ने लक्ष्य राखिए पनि कोभिड-१९ को महामारी र वन क्षेत्रको रुख कटानको स्वीकृति वन मन्त्रालयबाट प्राप्त हुन ढिलाइ हुँदा सम्झौताको म्याद थप गरिएको थियो । प्रसारण लाइन निर्माणको अवधि विसं २०८१ पुस ४ गतेसम्म रहेको छ । प्रसारण लाइन निर्माणका लागि कूल ५९ कित्ता (२३ रोपनी पाँच आना) जग्गा अधिग्रहण गरिनेछ । तनहुँतर्फ व्यास नगरपालिका-१३ र १४, बन्दीपुर गाउँपालिका-६, आँबुखैरेनी गाउँपालिका-६, देवघाट गाउँपालिका-४ र ५ भित्र पर्ने जग्गा अधिग्रहण गरिने आयोजनाले जनाएको छ ।

आयोजनाको मुख्य निर्माण कार्यलाई तीन प्याकेजमा विभाजन गरी काम भइरहेको छ । प्याकेज-१ अन्तर्गत एक सय ४० मिटर अग्लो बाँध निर्माणका लागि सोङ्दा कर्पोरेसन, भियतनाम-कालिका कन्सट्रक्सन प्रालि नेपाल जेभीसँगको ठेक्का सम्झौता विसं २०७८ भदौ १४ गतेबाट कार्यान्वयनमा आएको थियो । प्याकेज-१ को हालसम्मको प्रगति ३३ दशमलव दुई प्रतिशत भएको छ । आयोजनाको सुरुङ, विद्युत् गृह निर्माण र हाइड्रोमेकालीन तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायतका प्याकेज-२ को निर्माण कार्यका लागि सिनो हाइड्रो कर्पोरेसन, चीनसँग विसं २०७५ असोज १५ गतेखरिद सम्झौता भएको थियो ।

निर्माण सुपरिवेक्षण परामर्शदाताले खरिद सम्झौता बमोजिम निर्माण कार्य सुरु गर्न कार्यादेश जारी गरेपश्चात सिनो हाइड्रोले विसं २०७५ माघ ६ बाट आयोजनास्थलमा परिचालित भई निर्माण कार्य जारी राखेको छ । भूमिगत विद्युत्गृह खन्ने कार्य सम्पन्न गरी कङ्क्रिटिङ तथा टर्बाइनलगायतका उपकरण जडान भइरहेको छ । टेलरेस सुरुङ निर्माण सम्पन्न भएको छ मुख्य सुरुङ खनिरहेको छ । यस प्याकेजको हालसम्म ५६ प्रतिशत प्रगति भएको छ ।रासस

# सेवा विस्तार गर्दै आँबुखैरेनी अस्पताल

दमौली । यहाँस्थित आँबुखैरेनी अस्पतालले आगामी आर्थिक वर्षदेखि शल्यक्रिया सेवा सुरु गर्ने भएको छ । दुई वर्ष अगाडि स्वास्थ्यचौकीबाट स्तरोन्नति भएको अस्पतालमा शल्यक्रिया कक्ष निर्माण भइरहेको अस्पतालका प्रमुख डा डिबी क्षेत्रीले जानकारी दिनुभयो ।

गण्डकी प्रदेशको स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको सहयोगमा शल्यक्रिया कक्षका लागि आवश्यक बत्ती, शयूया र इलेक्ट्रोकाउट्री मेसिन प्राप्त भएको छ । क्षेत्रीले भन्नुभयो, “केही थप औजार उपकरण, रक्तसञ्चार सेवा र व्यवस्थापन भएपछि आगामी आर्थिक वर्षको सुरुमै शल्यक्रिया सेवा सुरु गर्नेछौँ ।”

लामो समयको प्रयासपश्चात अस्पतालमा अब शल्यक्रिया सेवा सुरु हुने चरणमा पुगेको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले बताउनुभयो । उहाँले भन्नुभयो, “अस्पतालमा शल्यक्रिया सुरु गर्ने लामो समयको प्रयासले अब सार्थकता पाउँदैछ ।” अस्पतालले प्रसूति, हर्निया, एपेन्डिक्स, हाइड्रोसिलको शल्यक्रिया सेवा सुरु गर्ने तयारी गरेको उहाँले जानकारी दिनुभयो ।


चार प्रकारका शल्यक्रियाका लागि जनशक्ति रहे पनि उपकरण अभावमा सेवा सुरु गर्न ढिलाइ भएको चुमानले बताउनुभयो । उहाँले भन्नुभयो, “अस्पतालमा हामीसँग तत्काल शल्यक्रिया सेवा सुरु गर्न जनशक्ति तयारी अवस्थामा छ, तर उपकरण अभावले सेवा सुरु गर्न सकेका थिएनौँ ।”

विसं २०७९ मङ्सिर १ गतेदेखि आँबुखैरेनी स्वास्थ्यचौकी स्तरोन्न, बन्दीपुर, गोरखाको पालुङटार, सहिद लखन र चितवनको इच्छाकामना गाउँपालिकाका जनतालाई सेवा दिइरहेको छ । अस्पतालबाट चौबीसै घण्टा आकस्मिक सेवा, आधारभूत प्रयोगशाला, एक्सरे, भिडियो एक्सरे, इसिजी, फार्मेसीलगायत सेवा प्रवाह भइरहेको छ । अस्पतालमा एकजना एमडिजीपी, तीनजना मेडिकल अधिकृत र १३ नर्स कार्यरत छन् ।

गाउँपालिकाले वडा कार्यालय भवन, गाउँपालिकाको सभाहल मै अस्पताल सञ्चालन गरेको हो । गाउँपालिकाले यस क्षेत्रमा ट्रमा अस्पताल बनाउने लक्ष्य राखेको छ ।

आँबुखैरेनी गाउँपालिका-१ स्थित सत्रसयमा सार्वजनिक र मित्रता माध्यमिक विद्यालयको समेत गरी करिब दुई सय रोपनी जग्गामा अस्पताल बनाउन सकिने अध्यक्ष चुनामले बताउनुभयो । उहाँले भन्नुभयो, “तनहुँको दमौलीबाट पूर्व लागेपछि ५० किमी दूरीमा एउटा पनि सरकारी अस्पताल छैन, कुनै दुर्घटना भयो भने उपचारका लागि चितवन वा काठमाडौँ दौडिनुपर्छ । राष्ट्रिय ट्रमा सेन्टरमा रहेका आवासीय चिकित्सक ल्याउन सकिए धेरै जनाको ज्यान बचाउन सकिन्छ ।”रासस

# नहर मर्मत नहुँदा सिँचाइको समस्या



पर्वत । जिल्लाको जलजला गाउँपालिका-८ नाग्लीवाङमा सडक फराकिलो बनाउन भत्काइएको नहर पुनःनिर्माण नहुँदा उपल्लो खनियाघाटमा सिँचाइको समस्या भएको छ ।


जलजला गाउँपालिकाले सञ्चालन गरेको खनियाघाट-दमुवाखोला-नाग्लीवाङ सडक स्तरोन्नतिका क्रममा डिइँको डाडा क्षेत्रमा बासकोटे खोलाबाट सञ्चालित उपल्लो खनियाघाट सिँचाइ आयोजनाको २५ मिटर लामो नहर पूर्ण रुपमा भत्काइएको थियो । नहर मर्मत नगर्दा स्थानीय कृषकको पाँच सय रोपनीभन्दा बढी खेत यसवर्ष बाँझै रहने भएको छ ।

भत्काइएको नहर पुनःनिर्माण नहुँदा धुले बीउ राखेको भन्दै धान रोपाइँ पनि प्रभावित भएको बासकोटे खोला उपल्लो खनियाघाट सिँचाइ आयोजनाको उपभोक्ता समितिका अध्यक्ष विष्णु जिसीले बताउनुभयो । “ठेकेदारले नहर बनाउने सहमतिमा भत्काएका हुन्, अहिले सडक बनाएर गए तर नहर बनाएनन्”, उहाँले भन्नुभयो, “यसअघिका वर्षमा पानी बीउ राख्ने गरेका थियौँ । यसपालि सिँचाइ नहुँदा धुले बीउ राखिएको छ । सिँचाइका लागि नहर नहुँदा रोपाइँ गर्न पाएका छैनौँ ।”

यहाँका ३३ धुरी कृषकको पाँच सय रोपनी क्षेत्रफलको खेतबारीमा सिँचाइको अभाव भएको अध्यक्ष जिसीले जानकारी दिनुभयो । विगतका वर्षमा असारको अन्तिम सातामा उपल्लो खनियाघाटमा आधा रोपाइँ हुने गरेको थियो । विसं २०६१ मा मार्ग खोलिएको खनीयाँघाट-डमुवाखोला-नाग्लीवाङ सडक विस्तार, नाली र पर्खाल निर्माणका साथै ढलानका लागि गत मङ्सिरमा साहना-सक्षम निर्माण कम्पनीले रु एक करोड ३३ लाख ५५ हजार दुई सय १८ मा ठेक्का सम्झौता गरेको थियो ।

यसअघि चार मिटर फराकिलो रहेको सडकलाई विस्तार गरेर छदेखि सात मिटर फराकिलो बनाइनुका साथै छ सय ६४ मिटर ढलान र नाली, एक सय पाँच घनमिटर पलम पर्खाल, एक सय ३० घनमिटर ग्यावीयन पर्खाल निर्माण भएको छ । पीडित कृषकहरुले केही दिनअघि वडा कार्यालय र गाउँपालिकामा नहर मर्मत गरी सिँचाइ नियमित गराउन अनुरोध गर्दै निवेदन दिएका थिए ।रासस

# दुग्ध कृषक अनुदानबाट वञ्चित



म्याग्दी । दूध उत्पादन वृद्धि र कृषकलाई प्रोत्साहन गर्न गण्डकी प्रदेश सरकारले पठाएको अनुदानबाट जिल्लाका कृषक वञ्चित भएका छन् । जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले कृषकलाई अनुदान वितरण गर्न विनियोजन भएको रकम कार्यविधि प्रक्रिया नमिल्दा बजेट फिर्ता पठाउनुपरेको जनाएको छ ।दूध उत्पादन गर्ने कृषकलाई प्रतिलिटर रु दुई दशमलव ५० का दरले अनुदान उपलब्ध गराउन प्रदेश सरकारले केन्द्रलाई चालु आर्थिक वर्षका लागि रु २४ लाख बजेट विनियोजन गरेको थियो ।

अनुदान कार्यक्रमका लागि दोनान, बास्कुना, शुभकामना कृषि र सिमलचौर बीउबिजन कृषि सहकारी संस्थाले केन्द्रमा आवेदन पेस गरेका थिए । शुभकामना कृषि सहकारी संस्थामा आबद्ध कृषकले मात्र रु दुई लाख एक हजार पाँच सय अनुदानबापतको रकम पाएका बेनी नगरपालिका-७ कुरिलाखर्कमा रहेको ढुङ्गाना कृषि तथा पशुपन्क्षी फार्मका सञ्चालक सुरेश ढुङ्गानाले जानकारी दिनुभयो । बाँकी रु २१ लाख ९८ हजार पाँच सय फिर्ता भएको हो । कार्यविधिअनुसार सबै प्रक्रिया पूरा गरेर तोकिएको कागजात पेस गरे पनि कार्यालयका केही कर्मचारीको बेवास्ताका कारण कृषक अनुदानबाट वञ्चित भएका उहाँले गुनासो गर्नुभयो ।

“हरेक चौमासिक रुपमा वितरण गर्नुपर्ने अनुदान कर्मचारी अभाव भएको भन्दै एकै किस्तामा आर्थिक वर्षको अन्तिममा भुक्तानी गर्ने प्रतिबद्धता जनाएका भेटेरिनरी कार्यालयका कर्मचारीले आवको अन्त्यमा बेवास्ता गर्दा अनुदान रकम फिर्ता गएको हो”, ढुङ्गानाले भन्नुभयो, “यही असार २४ गते सम्म भुक्तानी आउने आश्वासन पाएका किसान अनुदानबाट वञ्चित भएका छन् ।”बेनी बजारमा दैनिक एक हजार पाँच सय लिटर दूध आपूर्ति गर्ने ढुङ्गानालगायत १८ जना कृषकले दोभान कृषि सहकारी संस्थामार्फत अनुदानका लागि आवेदन पेस गरेका थिए । दैनिक दुई सय लिटरभन्दा बढी दूध निकासी गर्ने बास्कुना, तातोपानी, बरङ्जा क्षेत्रका कृषकले सिमलचौर कृषि सहकारीमार्फत आवेदन दिएको जनाएका छन् ।

बेनी-७ का कृषक कृष्णप्रसाद शर्माले विगतका वर्षमा सहज तरिकाले अनुदान पाए पनि यसपाली कर्मचारीले सहयोग नगरेका गुनासो गर्नुभयो । “यसअघिका वर्षमा हामीले पेस गरेका कागज र प्रक्रियाबाट अनुदान पाउने गरेका थियौँ । यस वर्ष पनि सोहीअनुसार कार्यालयले मागेका सबै कागजात पेस गरेका हौँ”, उहाँले भन्नुभयो, “केन्द्रका कर्मचारीले अनुदान दिने प्रतिबद्धता जनाएर कृषकलाई भुक्काउने र निराश बनाउने काम गरेका छन् ।”केन्द्रका प्रमुख डा भरत रेग्मीले कार्यालयका योजना प्रमुख सुवास रेग्मी नेतृत्वको समितिलाई अनुदान वितरणको जिम्मेवारी दिइएको बताउनुभयो । अनुदानका लागि तोकिएको मापदण्ड र प्रक्रिया पूरा नभएकाले अनुदान उपलब्ध गराउन नसकिएको उहाँको भनाइ छ ।

“योजना शाखाका प्रमुख, लेखा प्रमुख र एक जना प्राविधिक रहेको समितिले गरेको सिफारिसअनुसार सहकारी संस्था छनोट र अनुदान वितरण भएको हो”, प्रमुख रेग्मीले भन्नुभयो, “जुन सहकारीले कार्यविधि र मापदण्ड पालना गरेका छन्, ती सहकारीमा आबद्ध कृषकले अनुदान पाएका छन् । कार्यविधिअनुसार प्रक्रिया पूरा नभएकाले अन्यले अनुदान नपाएका हुन् ।”

केन्द्रका योजना शाखा प्रमुख सुभास रेग्मीले शुभकामना कृषि सहकारी संस्थाले मात्र कृषकबाट दूध सङ्कलन गरेर बजारमा पठाउने र सहकारीको खाताबाट कृषकलाई रकम भुक्तानी गरेको पाइएकाले उक्त सहकारीलाई मात्र अनुदान दिएको बताउनुभयो । “विगतका वर्षमा केकसरी अनुदान रकम उपलब्ध गाएिको थियो सोबारे अध्ययन गर्नेछौँ”, उहाँले भन्नुभयो “यस वर्षदेखि निश्चित मापदण्ड र कार्यविधि बनाएका छौँ । सोहीअनुसार अनुदान दिएका हौँ ।” कृषक भुवन आचार्यले केन्द्रका प्रमुख र योजना शाखा प्रमुख रेग्मीद्वयको भनाइ खण्डन गर्दै केन्द्रका कर्मचारीको बेवास्ताका कारण राज्यले दिएको सुविधाबाट कृषक वञ्चित भएका गुनासो गर्नुभयो ।रासस

# भानुगृह पुनःनिर्माणको पर्खाइमा चुँदीरम्घा शिखरकटेरी

**दमौली ।**

मेरा इनार, न त सत्तल पाटी केही छन्
जे चिज र धनहरू छन् घरभित्र नै छन्
त्यस घाँसीले कसरी आज दियेछ अर्ति
धिक्कार हो मकन बस्नु नराखी कीर्ति ।
(भानुभक्त आचार्य )



नेपाली भाषाका आदिकवि भानुभक्त आचार्यको जन्मथलो चुँदीरम्घा शिखरकटेरीमा भानुगृह पुनःनिर्माण गर्ने भनेको आठ वर्ष पुगिसक्यो । भानु नगरपालिका-४ शिखरकटेरीमा भानुगृहपुनःनिर्माणका लागि २०७३ चैत २२ गते शिलान्याससमेत भयो । तर आठ वर्ष बितिसक्दा पनि उक्त काम शिलान्यासमै सीमित भयो । भानुगृह पुनःनिर्माण गर्ने कुरा चर्चामै सीमित हुँदा अब भने काम अगाडि बढ्नेमा आशा जागेको छ । पश्चिमाञ्चल विकास मञ्चले शिलान्यास गरेको उक्त भानुगृहको अधुरो काम मञ्चकै सक्रियतामा अगाडि बढ्ने भएको छ ।

आदिकवि भानुभक्त जन्मस्थल विकास समितिका कार्यकारी निर्देशक शङ्कर रानाभाटले भानुगृह पुनःनिर्माणको काम अगाडि बढ्ने चरणमा रहेको बताउनुभयो । भानुगृहको खाका तयार भएको र अब बोलपत्र आह्वानको तयारी गरिएको उहाँको भनाइ छ । कार्यकारी निर्देशक रानाभाटले भन्नुभयो, “विविध कारणले लामो समयदेखि भानुगृह पुनःनिर्माण हुन सकेन । यसबीचमा थुप्रै छलफल गर्‍यौँ, अब कामले ठोस गति लिनेमा विश्वस्त छौँ ।”

भानुगृहको लागत करिब रु एक करोड दश लाख रहेको छ । विकास मञ्चले आफ्नै लगानीमा भानुगृह निर्माण गर्न लागेको हो । त्यसका लागि मञ्चका पूर्वअध्यक्ष रामकाजी कोनेको संयोजकत्वमा निर्माण समिति गठन गरिएको छ । विकास मञ्चले काममा ढिलाइ गरेपछि विकास समितिले आफ्नै सक्रियतामा घर निर्माण गर्ने तयारी थालेको थियो । तर विकास मञ्चले नै घर निर्माण गर्ने भएपछि समितिको तर्फबाट आवश्यक सहयोग रहने उहाँले बताउनुभयो ।

विकास समितिले शिखरकटेरीमा तारबार र सिसी क्यामरा समेत जडान गर्दैछ । यही ठाउँमा रामायण भवन निर्माण भइसकेको छ । जङ्गलको बीचमा भएकाले रामायण भवन संरक्षणविहीन अवस्थामा पुगेको छ । भानुगृहको काम सुरु भएपछि यस ठाउँको थप विकास हुनेमा आशावादी रहेको कार्यकारी निर्देशक रानाभाटको भनाइ छ ।

यसअगाडि कच्ची बाटो, पानी र बत्तीको समस्यालगायतका कारणबाट भानुगृहको काम अगाडि बढ्न सकेको थिएन । भानुभक्तको घर पुनःनिर्माणपछि यहाँ आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्ने विश्वास गरिएको छ । “आदिकवि भानुभक्तको नाममा देश तथा विदेशमा भव्य कार्यक्रम हुन्छ तर गृह जिल्लामै भानुभक्त उपेक्षित हुनुभयो की भन्ने भान हामीलाई पनि हुन्छ । घर पुनःनिर्माण गर्न सकिए यहाँ धेरैको आगमन हुने विश्वास छ”, उहाँ बताउनुहुन्छ ।

विसं २०५७ मा भानु जन्मस्थल विकास समितिको सहयोगमा यादव खरेलले ‘आदिकवि भानुभक्त’ नामक चलचित्र निर्माण गर्नका लागि भानुभक्तको घर रु एक लाखमा पुनःनिर्माण गर्नुभएको थियो । जङ्गलबीचको खरको छानाको घरमा २०६१ जेठमा आगलागी भएको थियो जसमा करिब रु एक लाख २७ हजारको क्षति भएको थियो ।

भानु नगरपालिका-४ चुँदीरम्घामा १८७१ असार २९ गते जन्मिनुभएका आचार्यको १९२५ असोज ६ गते निधन भएको थियो । नेपाली साहित्यका प्राथमिक कालका प्रतिनिधि कविको रुपमा परिचित भानुभक्त वाल्मिकी रामायणका अनुवादकका रुपमा प्रख्यात हुनुहुन्छ । भानुभक्तले ‘प्रश्नोत्तर’, भक्तमाला, बधुशिक्षालगायतका कृति लेख्नुभएको छ भने उहाँका पाण्डुलिपीलाई सङ्ग्रह गरेर मोतिराम भट्टले पुस्तकाकारमा प्रकाशित गरेपछि उहाँ नेपाली साहित्यमा चिनिनुभएको थियो ।

दुई सय एघारौं भानु जयन्तीको अवसरमा शनिबार चुँदीरम्घामा विविध कार्यक्रम भएको छ । समितिको आयोजनामा प्रभातफेरी, प्रवचन, पुरस्कार वितरणलगायतका कार्यक्रम आयोजना गरिएको छ । सोही अवसरमा रामायण वाचन तथा कविता वाचन प्रतियोगितामा उत्कृष्ट हुनेलाई पुरस्कार वितरण गर्ने कार्यक्रम रहेको थियो ।रासस

